जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक ४० २०८२ माघ २५ गते आइतबार (Feb. 8, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## आचारसंहिता उल्लंघन र सुरक्षा चुनौती मुख्य समस्या

# देशभरको सुरक्षा निकाय हाइ अलर्टमा

काठमाडौं। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन सम्पन्नगर्नका लागि आचारसंहिताको उल्लंघन र सुरक्षा चुनौती मुख्य समस्या देखिएका छन्भने सरकारले देशभर सुरक्षा निकायले हाइअलर्टमा रहन निर्देशन दिएको थाहाभएको छ। गत २१ गतेबाट नेपाली सेनाको नेतृत्वमा संयुक्त सुरक्षा फौज परिचालित भएको छ। केन्द्रीय सुरक्षा समितिको बैठकले जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई कडा बनाउने भएको छ। गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गत शुक्रबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचानगरी सम्पर्क हुने बैकल्पिक व्यवस्थागर्ने, निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानीगर्ने निर्णय भएको थियो।



आगामी फागुन २१ गतेका लागि तयभएको प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीयरुपमा सम्पन्नगर्ने विषयमा बैठक केन्द्रित रहेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभएको थियो। निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिनेहरुको निगरानीगर्ने, निर्वाचनसम्बन्धी सही, भरपर्दो सूचनामा सर्वसाधारणको पहुँच पुऱ्याउने, सामाजिक सञ्जालको दुरुपयोग रोक्न नेपाल प्रहरीको विशेष संयन्त्रलाई सशक्त र जिम्मेवार बनाइने भनिएको छ। निर्वाचन विरोधी गतिविधिलाई नियन्त्रणगरी कानूनी दायरामा ल्याउने, पेट्रोलियम पदार्थको खुला खरिद बिक्री एबं दुरुपयोगलाई नियन्त्रणगर्ने विषयमा निर्णय भएको गृह मन्त्रालयले जनाएको छ। सो मन्त्रालयले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतकारुपमा तोकिएका ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जिम्मेवारी प्रभावकारीरुपमा निर्वाहगर्न परिपत्रसमेत गरेको छ। निर्वाचनको अवधिमा हुनसक्ने आचारसंहिताका उल्लंघनका घटना हुननदिन आवश्यक कार्यगर्न र सो सम्बन्धमा गरिएका कार्यहरुको प्रतिवेदन नियमितरुपमा मन्त्रालयमा उपलब्ध गराउन निर्देशन जारीगरिएको थाहाभएको छ। आसन्न निर्वाचनमा तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। निर्वाचन आयोगले गत चारगतेदेखि निर्वाचन आचार संहिता लागू गरेको **बाँकी ८ पेजमा**

## नेपालको निर्वाचनप्रति एम्नेष्टीको ध्यानाकर्षण

काठमाडौं। नेपालको निर्वाचनप्रति एम्नेष्टीको ध्यानाकर्षण भएको देखिएको छ। यसैक्रममा एम्नेष्टी इन्टरनेशनलले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षितगर्दै राजनीतिक दल तथा उम्मेदवारहरुलाई आफ्नो निर्वाचन घोषणापत्र र शासकीय प्रतिबद्धतामा मानवअधिकारलाई प्राथमिकतामा राख्न आह्वान गरेको छ। संस्थाले गत शुक्रबार १० बुँदे मानवअधिकारसम्बन्धी दस्तावेज सार्वजनिकगर्दै आगामी सरकारले अवलम्बन गर्नुपर्ने स्पष्ट र व्यवहारिक मार्गचित्र प्रस्तुत गरेको थियो। उक्त दस्तावेजमा लामो समयदेखि थातीरहेका गम्भीर मानवअधिकार उल्लंघनका मुद्धाहरु सम्बोधन गर्नुपर्ने, दण्डहीनताको अन्त्यगर्दै विधिको शासन सुदृढ गर्नुपर्ने र अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिअनुसार नेपालको दायित्व पूर्णरुपमा पालना गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। एम्नेष्टी नेपालका निर्देशक निराजन थपलियाले गत भदौमा भएको आन्दोलनको **बाँकी ८ पेजमा**

## निर्वाचनमा विदेशी गाडीको प्रयोग बढ्दो

काठमाडौं। आगामी फागुन २१ गतेको निर्वाचनमा उम्मेदवार भएका कतिपयले विदेशी गाडीको प्रयोगगर्न थालेपछि सर्वत्र बिरोध शुरु भएको छ। नेपालको तराईका जिल्लाहरुमा भारतीय नम्बरप्लेटका गाडीहरुको प्रयोग बढेको जानकारहरुले बताएका छन्। त्यसरी विदेशी नम्बरप्लेटका सवारी साधानको प्रयोग बढ्दैगएको देखिएपछि बिभिन्न जिल्लामा छानविन समेत शुरु गरिएको थाहाभएको छ। पर्साका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा चारवटै सुरक्षा निकाय र जिल्ला निर्वाचन कार्यालय लगायतका टोलीले मतदानस्थल तथा केन्द्रहरुको निरीक्षण र सम्भावित सुरक्षा जोखिमको आवश्यक पूर्वतयारीमा जुटेको छ। प्रमुख जिल्ला अधिकारी भोला दाहालले त्यहाँ प्रयोग भएका भारतीय नम्बरप्लेटका **बाँकी ८ पेजमा**

## सामाजिक सञ्जालसम्बन्धी दोहोरो नीति

काठमाडौं। बर्तमान सरकारले सामाजिक सञ्जालसम्बन्धी दोहोरो नीति अख्तियार गरेको देखिएको छ। आगामी निर्वाचनका सन्दर्भमा सामाजिक सञ्जालको दुरुपयोग बढेकोभन्ने आवाज उठिरहेकै बेला सरकारले सामाजिक सञ्जाल नियमनगर्ने सम्बन्धी विधेयक संसद्बाट फिर्तागर्न स्वीकृति दिएको छ। गत साता बसेको मन्त्रिपरिषद्को बैठकले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमनगर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक-०८१ संसदबाट फिर्ता लिन स्वीकृति प्रदानगर्ने निर्णय गरेपछि प्रक्रिया अगाडि बढाइएको छ। राष्ट्रियसभाको १७ औं अधिवेशनमा दर्ता भएको उक्त विधेयक हाल राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा विचाराधीन अवस्था रहेको छ। यसरी यसअघिको सरकारले अगाडि बढाएको सामाजिक सञ्जाल सम्बन्धी विधेयक फिर्ता लिएर गत भदौका आनदोलनकारीलाई प्रोत्साहन गरेको छभने अर्कातिर सामाजिक सञ्जालको दुरुपयोग भएकोभन्दै कारवाहीगर्नका **बाँकी ८ पेजमा**

## एनआरएनएको सम्मेलनको तयारी तीब्र

काठमाडौं। गैरआवासीय नेपाली संघ (एनआरएनए) को १२ औं सम्मेलनको तयारी तीब्र पारिएको थाहा भएको छ। सो संस्थाको सम्मेलन आगामी फागुन ३० गतेका लागि तोकिएको छ। महाधिवेशनको तयारीबारे जानकारी दिन गतसाता काठमाडौंमा एक आयोजित पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। सो पत्रकार सम्मेलनमा बितरित संयुक्त विज्ञप्तिमा महाधिवेशन आगामी फागुन ३० देखि चैत दुई गतेसम्म हुने उल्लेख छ। 'हाम्रो एकता, समृद्धिको आधार' नाराका साथ हुने भनिएको उक्त सम्मेलनको आयोजनाका लागि परराष्ट्र मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय आयोजक समिति समेत गठन भइसकेको छ। समितिको सचिवालयका रुपमा संघको सचिवालयले काम शुरुगरेको जानकारी दिइएको छ। **बाँकी ८ पेजमा**

## संसद पुनर्स्थापनाबारे २८ गते तारेख

काठमाडौं। सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्ध दायर भएका १७ वटाभन्दा बढी रिटमा आगामी २८ गतेलाई साधारण तारेख तोकेको छ। गतसाता मंगलबार तोकिएको तारेखमा आएका निवेदकलाई सर्वोच्चले अर्को साधारण तारेख दिएको हो। यसअघि सर्वोच्च अदालतले संसद विघटनसम्बन्धी रिटहरुमाथि प्रारम्भिक सुनुवाइगर्दै विपक्षीसँग लिखित जवाफ मागेको थियो। सबै सम्बन्धित निकायबाट लिखित जवाफ आइनपुगेकाले सुनुवाइ प्रक्रिया अघिबढ्न नसकेको सर्वोच्च अदालत प्रशासनले जनाएको छ। त्यसरी सर्बोच्चमा रिटदायर गरेका नेपाली कांग्रेस र एमालेका पूर्ब सांसद र कानून ब्यवसायीहरुले आगामी फागुन २१ को निर्वाचनको प्रचार शुरुहुनु अघि नै उक्त रिटकाबारेमा जे हुने हो सो फैसला गरेर निर्वाचनलाई सुनिश्चित गरिदिन सर्बोच्च अदालतलाई आग्रहगर्दै आएका छन्। रिटका संसदको बैठक जारीरहेको अवस्थामा संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरिएको र मनोनित प्रधानमन्त्रिको सिफारिसमा निर्वाचित संसद बिघटन गरिएको कुरालाई गंभिरताका साथ उठाइएको **बाँकी ८ पेजमा**

## जनमोर्चाद्वारा विदेशी हस्तक्षेपको निन्दा

काठमाडौं। राष्ट्रिय जनमोर्चाले आफ्नो चुनावी प्रचार अभियानका क्रममा विदेशी हस्तक्षेपको निन्दालाई प्रमुखता दिएको छ। यसैक्रममा सो मोर्चाको माउ पार्टी नेपाल कम्युनिष्ट पार्टी (मसाल) का महामन्त्री मोहनबिक्रम सिंहले नेपालका सन्दर्भमा राष्ट्रिय जनमोर्चामात्रै बैकल्पिक राजनीतिक शक्ति भएको बताउनुभएको छ। प्युठानको ठूलाबेशीमा हालै सम्पन्न राष्ट्रिय जनमोर्चा गौमुखी गाउँपालिकास्तरीय कार्यकर्ता भेलालाई सम्बोधनगर्दै उहाँले उपरोक्त कुरा बताउनुभएको हो। उहाँले साम्राज्यवादी शक्तिहरुले अराजनीतिक व्यक्तिहरुलाई नेपालको सत्तामा पुऱ्याएर नेपालको भूमिलाई आफ्नो स्वर्थ अनुरुप उपयोगगर्न खोजिरहेको पनि बताउनु भएको थियो। उहाँले यतिवेला अमेरिकी साम्राज्यवादको प्रत्यक्ष हस्तक्षेपका कारण नेपालले अत्यन्तै अप्ठ्यारो परिस्थितिको सामना गर्नुपरिरहेको बताउँदै अमेरिकाको नीति चीनलाई घेर्ने उद्देश्य रहेको छ, ती दुइ देशको लडाइँमा नेपाल अछुतो रहन सक्तैन नेपाली भूमि प्रयोग नगरिकन अर्को बाटो छैन पनि भन्नुभएको **बाँकी ८ पेजमा**

## क्रान्तिकारीका नेता पक्राउको बिरोध

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरुलाई देशका बिभिन्न स्थानबाट पक्राउ गरेको भन्दै बिरोध गरेको छ। त्यसैगरी सो पार्टीका सिन्धुलीका नेताको पक्राउबारे कारणसमेत माग भएको छ। सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एकल इजलासले लिखित जवाफ पेशगर्न गृह मन्त्रालय समेतलाई आदेश जारीगरेको छ। सो पार्टीका सिन्धुली जिल्लाका नेता पूर्णबहादुर खड्का हाल प्रहरी हिरासतमा रहनु भएको छ। गत २० गते सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एकल इजलासले सो आदेश जारीगरेको हो। गतसाता पक्राउ परेका नेता पूर्णबहादुर खड्काका छोरा भगवान खड्काले बन्दी प्रत्यक्षिकरणको रिट दायर गर्नुभएको थियो। सो रिटउपर अधिवक्ताद्वय देवकुमार मोक्तान र फडिन्द्र कार्कीले बहस गर्नुभएको थियो। सर्वोच्चका न्यायाधीश विनोद शर्माले अधिवक्ता मोक्तान र कार्कीको बहस सुनिसकेपछि बन्दी प्रत्यक्षिकरण नगरिकन तीन दिनभित्र गृहमन्त्रालय लगायतका प्रत्यार्थीहरुलाई लिखित जवाफ प्रस्तुतगर्न आदेश जारी गर्नुभएको थियो। पूर्णबहादुर खड्कालाई हिरासतमा **बाँकी ८ पेजमा**

## कलाकार सुनिल थापाको निधन

काठमाडौं। वरिष्ठ कलाकार सुनिल थापाको हिजो निधन भएको छ। काठमाडौंको शंखमुलस्थित आफ्नै अपार्टमेन्टमा बेहोस भएपछि उहाँलाई हिजो बिहान नर्भिक अस्पताल लगिएको थियो। उहाँको सोही अस्पतालमा उपचारकाक्रममा निधन भएको हो। उहाँको निधनपछि आफन्त र कला क्षेत्रमा मानिसहरु अस्पतालमै जम्मा भएका थिए। उहाँलाई नेपाली फिल्म



क्षेत्रमा 'राँते काइला'को उपनामले पनि चिनिन्छ। सो नाम उहाँले चलचित्र 'चिनो'बाट पाउनु भएको हो। थापाले पछिल्लो समय अभिनय गरेको नेपाली फिल्म 'एक्लो' हुन पुगेको छ। उहाँले नेपाली फिल्महरुमा गोर्खा पल्टन, शिकारी, शिकारी २, पापी मान्छे, पापी मान्छे २, अल्झेछ क्यारे पछ्यौरी, देवर बाबू, कर्म योद्धा लगायतमा अभिनय गर्नुभएको थियो। त्यसैगरी हास्य टेली श्रृंखला मेरी बास्सै, क्याप्टेन लगायतमा पनि उहाँको अभिनय रहेको छ। उहाँले नेपालमामात्रै नभएर बलिउडमा समेत **बाँकी ८ पेजमा**

## वैदेशिक रोजगारीको बहानामा ठगी बढ्दो

**समाचार विश्लेषण**

काठमाडौं। वैदेशिक रोजगारीको बहानामा ठगी बढ्दैगएको देखिएको छ। प्राप्त समाचारहरुअनुसार अष्ट्रेलिया र स्लोभाकिया पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा दुईजनालाई प्रहरीले पक्राउगरेको छ। पक्राउ पर्नेहरुमा काठमाडौं महानगर पालिका-३२ बस्ने काभ्रेको पाँचखल नगर पालिका-३ घर भएका रुपेश लामिछाने र काठमाडौं तारकेश्वर नगरपालिका-६ बस्ने धादिङको खनियाँबास-३ घर भएका हिरा तामाङ रहेका छन्। पक्राउ परेकामध्ये रुपेशले अष्ट्रेलिया पठाइदिन्छुभन्दै एकजना पीडितबाट नौलाख रुपैयाँ र हिराले स्लोभाकिया पठाइदिन्छुभन्दै अर्को एकजना पीडितबाट आठलाख ५० हजार रुपैयाँलिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले रुपेशलाई काठमाडौं महानगरपालिका-३२ बाट र हिरालाई ललितपुर, ललितपुर महानगरपालिका-१२ बाट पक्राउगरेको हो। त्यसैगरी न्यूजिल्याण्ड र ग्रीस पठाइदिन्छुभन्दै ठगीगर्ने दुईजना पनि पक्राउपरेका छन्। पक्राउ पर्नेहरुमा काठमाडौं महानगरपालिका-३१ बस्ने धादिङको धार्के-७ घरभएका अञ्जन भुजेल र काठमाडौं महानगरपालिका-२६ बस्ने सल्यानको वनगाड कुपिण्डे नगरपालिका-४ घर भएका नविन दमाई रहेका छन्। पक्राउ परेकामध्ये अञ्जनले न्यूजिल्याण्ड पठाइदिन्छुभन्दै पाँचजना पीडितहरुबाट १७ लाख १० हजार रुपैयाँ र नविनले ग्रीस पठाइदिन्छु भन्दै दुईजना पीडितहरुबाट दुईलाख ६० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएकोभन्ने पीडितहरुको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले अञ्जनलाई काठमाडौं महानगर पालिका-३१ बाट र नविनलाई काठमाडौं महानगरपालिका-३२ बाट पक्राउ गरेको हो। त्यसैगरी कम्बोडिया पठाउनेभन्दै ठगीगरेको अभियोगमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको **बाँकी ८ पेजमा**

## नेपालमा निपाहको संक्रमण फैलिन सक्ने

काठमाडौं, २१ माघ। नेपालमा पनि निपाहको संक्रमण फैलिन सक्ने भन्दै सरकारले आवश्यक तयारी थालेको थाहाभएको छ। निपाह भाइरस चमेरो, सुँगुर र संक्रमित व्यक्तिबाट सर्ने भएकाले ती माध्यमलाई विशेष ध्यानदिएर रोकथा[redacted] अपनाइएको बताइ[redacted] भारतमा गतसाता निपाह भाइरसको संक्रमण देखिएपछि नेपालमा फैलिन नदिन भारतसँग जोडिएका पश्चिमी सीमा नाकामा निगरानी समेत बढाइएको छ। भारतसँग जोडिएका सुदूरपश्चिमका पाँच नाकामा नेपाल भित्रिने यात्रुमाथि निगरानी बढाइएको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयले जनाएको छ। जसअनुसार कैलालीको गौरीफन्टा र खकरौना, दार्चुलाको खलंगा, बैतडीको झुलाघाट र कञ्चनपुरको गड्डाचौकी नाकामा रहेका हेल्थ डेस्कबाट निगरानी भइरहेको छ। कोरोनाको समयमा बनाइएका आइसोलेस वार्डसमेत तयारी अवस्थामा राखिएको छ। भारतको पश्चिम बंगालमा निपाह भाइरसको संक्रमण देखिएकाले यसको जोखिम पश्चिम नेपालभन्दा पूर्वी नेपालका नाकामा बढीरहेको स्वास्थ्यकर्मीहरुको भनाई छ। जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख दीपेन्द्रसिंह रावलले नाकामा स्थापना गरिएका हेल्थ डेस्कमार्फत संक्रमणका लक्षण देखिएका यात्रुमाथि निगरानी राख्ने कार्य भइरहेको बताउनुभएको छ। नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक विज्ञप्[redacted]र्दै मन्त्रालयअन्तर्गतको इ[redacted] तथा रोग नियन्त्रण महा[redacted] देशका घटनालाई [redacted] पूर्वतयारीका कदमस्वरुप [redacted]का स्वास्थ्य संस्था तथा निकायहरुलाई सतर्क गराइएको र निपाह भाइरसको परीक्षण तयार गरिएको जनाएको छ। विश्व स्वास्थ्य संगठनद्वारा विश्वव्यापी तथा दक्षिण-पूर्वी एशिया क्षेत्रीयस्तरमा निपाह भाइरसको जनस्वास्थ्य जोखिम न्यूनरहेको मूल्यांकन गरे पनि मन्त्रालयले सतर्क रहन आग्रह गरेको जनाएको छ। मन्त्रालयका प्रवक्ता एवं स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख **बाँकी ८ पेजमा**

## देशभरको....

छ। यसपटकका निर्वाचनका लागि ९२ लाख ४० हजार १३१ महिला, ९६ लाख ६३ हजार ३५८ पुरुष र २०० अन्यगरी कूल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम रहेका छन्। निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यरुपमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा प्रबन्ध मिलाइएको छ। दुई हजार ८४५ वटा मतदानस्थललाई सामान्य, चारहजार ४४२ मतदानस्थललाई संवेदशील र तीनहजार ६८० वटा मतदान स्थललाई अति संवेदनशील मतदान स्थलकारुपमा हेरिएको छ। यसैबीच राष्ट्रियसभाका पछिल्ला बैठकहरुमा फरार कैदीबन्दी र लुटिएका हातहतियार तत्काल नियन्त्रणमा लिन माग भएको छ। त्यसैगरी देशैभर बन्दुकको खोजी र बरामदी जारीरहेको थाहाभएको छ।

## नेपालको....

पृष्ठभूमिमा हुनगइरहेको निर्वाचन नेपालका लागि निर्णायक क्षण भएको उल्लेखगर्दै विगत र वर्तमानका मानवअधिकार उल्लंघन अन्त्यगरी सबै मानिसको अधिकार, स्वतन्त्रता र मर्यादाको पूर्ण सम्मान हुने भविष्य निर्माणगर्न आगामी सरकारले स्पष्ट कदम चाल्नुपर्ने बताउनु भएको छ। उक्त दस्तावेजमा शान्तिपूर्ण भेला र अभिव्यक्ति स्वतन्त्रता, विगतका मानवअधिकार उल्लंघनका पीडितका लागि सत्य र न्याय, न्यायमा पहुँच, गैरभेदभाव र समानता, महिला, बालिका तथा एलजीबीटीक्युआई व्यक्तिहरुको अधिकार, आर्थिक-गायत विषय समेटिएका छन्। एम्नेष्टीले गैरकानूनी हत्या, अत्यधिक बल प्रयोग र यातनाजस्ता गम्भीर उल्लंघनमा स्वतन्त्र र प्रभावकारी अनुसन्धान सुनिश्चितगर्न, अभिव्यक्ति तथा संगठन स्वतन्त्रता सीमितगर्ने कानून संशोधनगर्न, सशस्त्र द्वन्दकालीन पीडितलाई सत्य, न्याय र परिपूरण दिलाउन तथा लैंगिक हिंसा र जातीय विभेद अन्त्यगर्न राजनीतिक दलहरुलाई सार्वजनिक प्रतिबद्धता जनाउन आग्रह गरेको छ। सो संस्थाले नेपालको संविधान र अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिमा प्रत्याभूत गरिएका अधिकार व्यवहारमा अझै पूर्णरुपमा कार्यान्वयन हुननसकेका छैनन्। राजनीतिक हस्तक्षेप, जवाफदेहिताको अभाव र कमजोर न्याय प्रणालीका कारण पीडितहरु न्यायबाट वञ्चित भइरहेका छन्भनेको छ। सो संस्थाले नेपालको आगामी निर्वाचनलाई अत्यन्त नजिकबाट हेरिरहेको जनाएको छ।

## एनआरएन....

'नेपालीका लागि नेपाली' भन्ने नाराका साथ सन् २००३ मा शुरु भएको गैरआवासीय नेपाली अभियान विश्वभर रहेका नेपालीलाई एकैसूत्रमा बाँध्ने उद्देश्यका साथ अघिबढिरहेको पनि जनाइएको छ। विज्ञप्तिमा संघको १० औं र ११ औं महाधिवेशनपछि संस्थाभित्र देखिएका संगठनात्मक जटिलताहरुलाई आत्मसमीक्षा, संवाद र सहकार्यको बलमा चरणबद्धरुपमा सम्बोधनगर्दै अन्ततः सन् २०२५ नोभेम्बर ३० मा प्रधानमन्त्री सुशीला कार्कीको रोहवरमा परराष्ट्र मन्त्रालयका प्रतिनिधिसहितको उपस्थितिमा गैरआवासीय नेपाली संघभित्र ऐतिहासिक तथा बृहत् एकता सम्पन्न भएको तथ्य विदितै छ। यो उपलब्धिले संघको एकता, स्थायित्व र भावी यात्राप्रतिको सामूहिक प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ भनिएको छ। यसअघि सो संस्थामा बिवादको सिर्जनाभई दुईवटा समूहले अलग अलग कामगर्दै आएका थिए।

## निर्वाचन..

लागि नेपाल प्रहरीको साइबर ब्युरोमा बिशेष डेष्कको स्थापना पनि गरेको छ। नेपाल प्रहरीले अहिले सामाजिक सञ्जालको उच्च निगरानी गरिरहेको र यस्ता सूचनाहरु सार्वजनिक गरिएमा कारवाहीहुने नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब उपरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभएको छ। उहाँकाअनुसार त्यसरी सामाजिक सञ्जालको दुरुपयोग सम्बन्धमा टोलीनै बनाएर अनुगमन गरिएको छ। यसकासाथै प्रहरीको साइबर ब्यूरोलेसमेत सुक्ष्म अनुगमन गरिरहेको बताइएको छ। सामाजिक सञ्जाल र बिभिन्न अनलाइन माध्यमहरुको प्रयोगद्वारा गलत सूचना र भ्रम फैलाउने, जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भाव बिगार्ने, अरुको चरित्रहत्यागर्ने तथा शान्ति सुरक्षामा असर पार्ने सामग्री बनाउने र सेयर गर्नु अपराध भएको बताउन थालिएको छ। प्रहरीले कुनै पनि घटना, कसैको अभिव्यक्ति, तस्बिर वा भिडियोलाई झुट्टो, गलत वा भ्रमपूर्णरुपमा काँटछाँट गरेर अफवाह फैलाउने उद्देश्यकासाथ प्रयोग नगर्न र त्यस्ता सामग्रीलाई प्रोत्साहनगर्न लाइक, सेयर वा कमेन्ट नगर्न पनि सबैलाई अनुरोध पनि गरेको छ।

## संसद....

छ। यस पटकको संसद बिघटन अदालतको ०७८ को फैसलाको नजिर बिपरित रहेको दाबि पनि गरिएको छ। सर्बोच्चले मागेको कारण देखाउ आदेशमा राष्ट्रपति र सरकारका तर्फबाट बाध्यात्मक अवस्थामा गत भदौ २७ को घोषणा गर्नुपरेको दाबि गरिएको बताइन्छ।

## जनमोर्चा....

थियो। सिंहले नेपाल युद्ध मैदान गराउने रणनीतिअनुसार काम भएको खुलाशा पनि गर्नुभएको थियो। त्यसैगरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले नेपालमा साम्राज्यवादका मतियारहरुको बिगबिगी बढेको खुलाशा गर्नुभएको छ। उहाँले गत शुक्रबार राष्ट्रिय जनमोर्चा रुपन्देही निर्वाचन क्षेत्रनम्बर-३ प्रचार प्रसार सम्पर्क कार्यालयको उद्घाटनगर्दा उपरोक्त कुरा बताउनु भएको हो। अध्यक्ष केसीले राजा महेन्द्र र वीरेन्द्रले निष्कासित गरेको व्यक्ति बारबरालाई नागरिकता दिने काम काँग्रेस र तत्कालीन माओवादीले गरेको बताउनु भएको थियो। उहाँले आज उनै बारबराको नाममा खोलिएको बारबरा फाउन्डेशनले नेपालको राज्यसत्ता चलाउने काम गरिरहेको छ भन्नुभएको थियो। केसीले आगामी फागुन २१ मा हुने चुनावमा बारबरा फाउन्डेशनका कैयौं व्यक्तिहरु रास्वपा र काँग्रेसबाट उम्मेदवार बनेका छन् भन्नुभएको थियो। केसीले विदेशी शक्तिबाट सञ्चालित फाउन्डेशनका सदस्यहरुले यो देशको भविष्य कतातीर लैजाँदै छन्भन्ने आजैदेखि नेपाली जनता सजग हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो। राजमोले हिजो माघ २४ गतेदेखि घरदैलो कार्यक्रम थालेको छभने फागुन चार गतेदेखि विभिन्न स्थानमा खुल्ला सभाहरुगर्ने कार्यक्रम पनि तयगरेको छ। सो पार्टीले गतसातानै आफ्नो निर्वाचन घोषणापत्र पनि सार्बजनिक गरेको थियो।

## क्रान्तिकारीका..

राख्नुपर्ने घटनामा के कसो भएको हो ? बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी नहुनुपर्ने हो ? आदेश जारी हुननपर्ने मनासिव आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना प्राप्तभएको मितिले बाटाको म्याद बाहेक तीन दिनभित्र लिखित जवाफ पेशगर्नुभनी नेपाल सरकारको गृह मन्त्रालय समेतलाई आदेश जारीगरिएको छ। तर यो समाचार तयारगर्दा सम्म सरकारी पक्षले प्रत्युत्तर दिएको थिएन। क्रान्तिकारी पार्टीका केन्द्रीय सदस्य पूर्णबहादुर खड्कालाई गत १६ गते सिन्धुलीको दुधौली नगरपालिका - ९ खोरभनु ज्याङबाट प्रहरीले पक्राउ गरेको थियो। गिरफ्तारपछि नेता खड्कालाई शुरुमा ईलाका प्रहरी कार्यालय डकाहा सिन्धुलीको हिरासतमा राखिएको थियो। नेता खडकालाई अहिले सिन्धुलीको सदरमुकाम सिन्धुली माडीको हिरासतमा राखिएको थाहाभएको छ। भनिन्छ उहाँलाई चिया पसलमा बसिरहेको सामान्य अवस्थामा पक्राउ गरिएको हो। पूर्णबहादुरका छोरा भगवान खड्काले आफ्ना पितालाई बिनाकारण पक्राउगरी गैरकानूनी थुनामा राखेकोले तुरुन्त अदालत समक्ष सशरीर उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्तगर्न बन्दीप्रत्यक्षीकरणको आदेश मागगर्दै गत १८ गते सर्बोच्चमा निवेदन पत्र पेशगर्नुभएको थियो।

## कलाकार....

काम गर्नुभएको थियो। उहाँले संजय लिला भन्सालीले निर्माण गरेको फिल्म 'मेरी कोम'मा समेत काम गर्नुभएको थियो।

## नेपालमा..

डा प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालय नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि पूर्णरुपमा प्रतिबद्ध रहेको र आवश्यक सबै कदमहरु चालिरहेको बताउनु भएको छ। उहाँले सबैलाई नआत्तिन तर सचेत, सजग र जिम्मेवार बन्न अनुरोध गर्नुभएको छ। उहाँले जनावरका गोठ तथा फार्म सफा राख्ने, मासु काट्दा पन्जा र मास्क प्रयोगगर्ने, बेलाबेलामा साबुनपानीले हात धुने तथा भीडभाडमा जाँदा मास्क लगाउनेजस्ता जनस्वास्थ्य मापदण्डहरु पालना गर्नुपर्छ भन्नुभएको छ।

## निर्वाचनमा..

गाडीहरु पनि नियन्त्रण गरिने बताउनु भएको छ। पर्साका प्रहरी प्रमुख सुदिपराज पाठकले निर्वाचनको लागि आवश्यक शान्ति सुरक्षाको प्रबन्ध गरिएको बताउनुभएको छ। जिल्ला निर्वाचन कार्यालयका प्रमुख अनामिका रौनियारले निर्वाचन आचारसंहिताले निर्वाचनमा उम्मेदवारले भारतीय नम्बरप्लेट नम्बरको सवारीसाधन प्रयोगगर्न मिल्दैन। सोतर्फ उम्मेदवारहरुले सचेत हुन जरुरी छ भन्नुभएको छ। त्यसैगरी नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेशले कानूनविपरीत भइरहेका विदेशी सवारीसाधनको प्रयोगका सम्बन्धमा ध्याकर्षण गराएको छ। संघका अध्यक्ष दुर्गादत्त दाहालले एक विज्ञप्ती जारीगर्दै कानून विपरीत भइरहेका विदेशी सवारीसाधनको प्रयोगका सम्बन्धमा आवश्यक निगरानीगर्दै सोको राज्यबाट उचित व्यवस्थापन हुनुपर्ने माग गर्नुभएको छ। कानूनसम्मत विदेशी सवारी साधनलाई व्यवस्थितगर्दै जथाभावी रुपमा भइरहेको प्रयोगका कारण दुर्घटनाको जोखिम बढिरहेका घटनाको न्यूनीकरणका सम्बन्धमा संस्थाले दिँदैआएको चासोलाई गलत ढंगबाट व्याख्यागर्दै कतिपय सञ्चार माध्यममा आएका नकारात्मक समाचार आएकामा पनि संघको ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ। बिद्यमान कानूनी व्यवस्था अनुसार विदेशी सवारी साधनले अध्यगमन कार्यालयबाट एकपटकमा बढीमा एक साताका लागिमात्र अनुमति पाउने व्यवस्था रहेको अध्यक्ष दाहालले बताउनुभएको छ। उहाँले एकवर्षमा एउटा सवारीसाधनले पटक,पटकगरी बढीमा २९ दिनमात्रै नेपाल आउने/जाने अनुमति पाउने व्यवस्था रहेकोमा सो हुननसकेको भन्दै सरोकार भएका निकायको ध्यानाकर्षण गराइएको उल्लेख गर्नुभएको छ। सीमानाकाका नेपाली र भारतीय यातायात व्यवसायीले सस्तो मूल्यमा भारतीय निजी र भाडाका सवारीसाधन खरिदगरी नेपालमा वर्षभरि व्यवसाय सञ्चालन गरेकोप्रति राज्य बेखबरजस्तै बनिरहेको संघले जनाएको छ। पछिल्लो समयमा पर्यटकको स्वास्थ्य र सुरक्षालाई बेवास्तागर्दै सीमानाकाबाट एकैदिनमा मुस्ताङ र मनाङजस्ता उच्च हिमाली क्षेत्रमा पुर्‍याउने प्रवृत्तिले गम्भीर जोखिम निम्त्याएको उल्लेखगर्दै विज्ञप्तिमा अन्नपूर्ण संरक्षण क्षेत्र तथा माथिल्लो मुस्ताङको अनुमतिपत्र सकेसम्म छलेर जाने प्रवृत्ति बढ्दै जानुकासाथै विदेशी सवारी चालकले मादक पदार्थ सेवनगरी रात्रिकालीन समयमा पनि यात्रा गर्नेगरेकाले दुर्घटनाको जोखिम बढिरहेको छ भनिएको छ। यी समस्यालाई दृष्टिगतगरी राज्यका तर्फबाट विदेशी सवारी साधनको प्रभावकारी रुपमा चेकजाँच गर्नुका साथै कानूनसम्मतरुपमा अभिलेखीकरणगरी कड्याइकासाथ नियन्त्रण गर्नुपर्नेमा संघका अध्यक्ष दाहालले जोड दिनुभएको छ।

## वैदेशिक....

टोलीले एकजनालाई पक्राउ गरेको छ। पक्राउपर्नेमा पर्साको ठोरी-४ का बविलाल लामा रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभएको छ। उहाँले रोजगारीका लागि कम्बोडिया लैजानेभन्दै चारलाख ३५ हजार रकमलिई लामो समयसम्म झुक्यानमा राखि विदेश नपठाइ सम्पर्कविहीन भएकोभन्ने पीडितले दिएको उजुरीका आधारमा पक्राउ गरिएको बताउनु भएको छ। त्यसैगरी जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले बूढानीलकण्ठ नगरपालिका-८ भंगालस्थित एक घर भाडामालिइ वैदेशिक रोजगारीका लागि इटाली देश पठाइदिने भनी बंगलादेशी नागरिकलाई बंगलादेशबाट काठमाडौं बोलाइ बन्धक बनाइ ठगीगर्ने सातजनालाई पक्राउ गरेको हो। पक्राउपर्नेमा बंगलादेश घरभई काठमाडौं बस्दैआएका आल मामुन, बिलाल मामुन, रिवन विश्वास, बाबु हुसेन, यमडी मसिभुर रहमान, भारतका सरोज कुमार र नुवाकोटका शशि पाठक रहेका छन्। परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले बंगलादेशी नागरिकलाई घरमा बन्धक बनाइ ठगीगरेको सूचनाका आधारमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिनुभएको छ। त्यसैगरी वैदेशिक रोजगारीका लागि बेलायत पठाउनेभन्दै लाखौं रकम ठगीगरेको अभियोगमा प्रहरीले एकजना महिलालाई पक्राउगरी सार्वजनिक गरेको छ। पक्राउपर्नेमा नुवाकोटको तार्केश्वर-१ घरभई हाल काठमाडौं महानगर पालिका-१६ बस्ने कुमारी तामाङ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभएको छ। निज तामाङले बेलायत पठाउनेभन्दै सातलाख ९० हजार रकमलिइ लामो समयसम्म झुक्यानमा राखी बिदेश नपठाई सम्पर्कविहीन भएकोभन्ने पीडितको उजुरीका आधारमा पक्राउ गरिएको बताइन्छ। त्यसैगरी वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी जर्जिया पठाइदिन्छुभन्दै रकम ठगीगरेको अभियोगमा कागेश्वरी मनोहरा नगरपालिका-६ बस्ने काभ्रेको महाभारत-६ घरभएका पूर्णबहादुर वाइबालाई पनि प्रहरीले पक्राउ गरिएको छ। उनलाई पनि प्रहरीले काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-६ बाट पक्राउ गरेको हो। पूर्णबहादुरले जर्जिया पठाइदिन्छुभन्दै एकजना पीडितबाट छ लाख ५० हजारलिई सम्पर्कविहीन भएकोभन्ने पीडितको उजुरीको आधारमा कार्यालयको टोलीले पक्राउगरेको हो। सरकार र प्रशासनको ध्यान आगामी निर्वाचनमा केन्द्रित रहेकै बेला ठगीका घटना बढेको बताउन थालिएको छ।

## आगामी..

दल दर्तासँगै चुनावी घोषणापत्रसमेत निर्वाचन आयोगमा बुझाउनुका साथै मतदाताका माझमा सार्बजनिक गरिएको हुनुपर्नेमा यस पटक दलहरुले घोषणापत्र सार्वजनिकगर्ने कुरामा खासै ध्यान दिएका छैनन्। जसलेगर्दा मतदातामा दलहरु र उम्मेदवारहरुका बारेमा बिभिन्न भ्रम रहेको देखिएको छ। मतदाताले जात, धर्म, क्षेत्र वा भावनात्मक नाराभन्दा माथि उठेर विवेकपूर्ण निर्णय गर्ने/गराउने वातावरणको ब्यवस्था हुनु पनि त्यतिकै जरुरी छ। मतदातालाई पैसा, उपहार, डरधम्की वा दबाबमा नपरी स्वतन्त्र निर्णयगर्ने वातावरणको निर्माण गरिएको हुनुपर्दछ। निर्वाचन आचारसंहिता पालनागर्नु नागरिकको पनि दायित्व होभन्ने कुराको सरकार र निर्वाचन आयोगले निर्वाचनको मिति घोषणा भएलगत्तैबाट प्रचार गरेको हुनुपर्नेमा यस पटक त्यस्तो सक्रियता देखिन सकेको छैन। शान्तिपूर्ण निर्वाचनका लागि हिंसा, घृणा र उक्साहटबाट टाढा रहने प्रबन्ध पनि गरिएको हुनुपर्दछ। हरेक निर्वाचन अवधिभर शान्तिसुरक्षाको मजबुत व्यवस्था हुनुपर्छ। डर, धम्की, हिंसा वा जबर्जस्ती मतदान रोक्ने लगायतका गतिबिधिप्रति सुरक्षाकर्मी र प्रशासन चनाखो हुनुपर्छ। निर्वाचनमा सुरक्षा योजना र बर्गीकरण पनि त्यतिकै महत्वपूर्ण हुन्छ। मतदान केन्द्रहरुलाई सामान्य, संवेदनशील र अति संवेदनशील भनेर वर्गीकरणगर्ने गरिन्छ। यस पटक अति संवेदनशील मतदान केन्द्रको संख्या तुलनात्मकरुपमा बढी देखिएको छ। निर्वाचन खर्चको सीमा कड्याइकासाथ लागूगरिएको हुनुपर्दछ। अवैध पैसा, शक्ति र श्रोतको दुरुपयोग रोक्न निगरानी आवश्यक हुन्छ। त्यसैगरी मतगणना छिटो, निष्पक्ष र पारदर्शी हुनुपर्छ। नतिजा सार्वजनिकगर्दा सबै पक्षलाई विश्वस्त बनाउने प्रक्रिया अपनाइएको हुनुपर्दछ। यसपटक निर्धारित मितिभन्दा अगाबै आकस्मिकरुपमा निर्वाचन गराउन लागिएकाले यस अघिका निर्वाचनहरुमाभन्दा बढी सावधानी अपनाउनु पर्ने अवस्था छ। मुलुकको ठूलो धनराषि र मेहनत खर्च गरेर निर्वाचन गराइन लागेको कुरालाई सबै क्षेत्र र पक्षले ध्यान दिनु जरुरी छ।

# आगामी निर्वाचन मानवअधिकार मैत्री हुनुपर्नेमा आयोगको नयाँ जोड

काठमाडौं। आगामी निर्वाचन मानवअधिकारमैत्री हुनुपर्नेमा जोड दिन थालिएको छ। यसैक्रममा राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालनागर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ। आयोगले आगामी फागुन २१ गते हुनलागेको प्रतिनिधिसभाको निर्वाचनमा मानव अधिकारको अवस्थाको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरिरहेको उल्लेखगर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आग्रह गरेको हो। आयोगका प्रवक्ता डा टीकाराम पोखरेलकाअनुसार आयोगले निर्वाचनमा पर्यवेक्षण गर्ने विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि हरुसँग अनुगमन/ पर्यवेक्षणको प्रभावकारिताको सम्बन्धमा गरेको छलफलमा सहभागीहरुले निर्वाचन लाई मानव अधिकारमैत्री बनाउनु पर्नेमा जोड दिनुभएको छ। आयोगको अनुगमनबाट राजनीतिक दलका केही नेताहरु र उम्मेदवार हरुले एक अर्को दल, नेता र उम्मेदवारप्रति अमर्यादित भाषा प्रयोगगरी घृणाजन्य अभिव्यक्ति दिएको, अरुको मर्यादामा आँच आउने प्रकृतिका सामग्री उत्पादनगरी डिजिटल प्रविधिको माध्यमबाट प्रचारप्रसार गरिएको, मतदाताहरुलाई कुन दल/नेतालाई भोट दिने ? भनी प्रश्न सोध्ने र त्यसलाई भिडियो/अडियो रेकर्ड गराई सामाजिक सञ्जालमा राखी मतदाताको गोप्य मतदानको अधिकार र गोपनियताको हक उल्लंघन गरेको पाइएको छ। आयोगमा मानव अधिकार अनुगमनबाट निर्वाचन आयोगले तयार गरेको निर्वाचन आचारसंहिता केही दल र उम्मेदवारहरुबाट उल्लंघन भएको भनी प्रश्न उठेको, निर्वाचनपूर्व नै अमूक उम्मेदवारले जित्छ भनी समाचार तयारगरी भ्रम सिर्जना गरेको र मतदाता शिक्षा प्रभावकारी हुन नसकेको जनाएको छ। प्रबक्ता पाखरेलले केही राजनीतिक दलका कार्यालयहरुमा तोडफोड भएको, यसअघि आयोगले राजनीतिक दलका प्रतिनिधिहरु र सञ्चाकर्मीहरुसँग छुट्टाछुट्टै गरेको छलफलमा उल्लिखित विषयहरुलाई उठाइएको अनुगमनबाट पाइएको बताउनु भएको छ। नेपालमा हुने निर्वाचनमा अन्तराष्ट्रिय बिभिन्न मानव अधिकार समिति र संघसंस्थाहरु ले पर्यबेक्षण गर्ने भएका छन्। जसका लागि उनीहरुले नेपाल सरकार र निर्वाचन आयोगसँग स्वीकृति लिइसकेका छन्।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय जनमोर्चाको चुनावी घोषणापत्र अन्य पार्टीका लागि चुनौती

**गतांकको बाँकी ....**
प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ। सम्पत्तिमा समान अधिकार सुनिश्चित गरिनुपर्दछ। महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा घरेलु हिंसा विरुद्ध तुरुन्त कानुनी उपचार प्राप्त गर्नका लागि बेग्लै पारिवारिक अदालत निर्माण गरिनुपर्दछ।

**बालबालिका :** बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धन गरिनुपर्दछ। बालबालिकामाथिका सबै प्रकारका श्रमशोषणलाई अन्त्य गरेर उनीहरुको शारीरिक तथा मानसिक विकासका साथै सुरक्षाको ग्यारेन्टीका लागि राज्यद्वारा निर्भयको वातावरण सुनिश्चित गरिनुपर्दछ। बिद्यालयहरुमा बिद्यार्थीहरुका लागि निशुल्क पोषणयुक्त खाजाको व्यवस्था गरिनुपर्दछ।

**दलित :** दलितमाथिका सम्पूर्ण भेदभावपूर्ण व्यवहारको अन्त्य हुनुपर्दछ। जातीय छुवाछुत विरुद्ध बनेको कानुनलाई बिनापक्षपात र कडाइपूर्वक लागु गरिनुपर्दछ। आवासविहीन मधेसी दलितलाई बसोबासका लागि आवास निर्माण गरिनुपर्दछ।

**अपाङ्गता :** फरक क्षमता भएका व्यक्तिहरुको हकहित र सामाजिक सम्मानको रक्षाका लागि आवश्यक कानुन बनाइनु पर्छ र उनीहरुलाई आवश्यक सुविधाहरुको व्यवस्था गरिनु पर्छ।

**आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था :** महिला र दलितको सुरक्षित प्रतिनिधित्वका लागि उनीहरुका बेग्लाबेग्लै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ।

**अन्तर निर्वाचन क्षेत्रबाट मताधिकारको व्यवस्था :** नेपाली मतदाताले देशको जुन भागमा बसेको भए पनि आफू बसेको ठाउ"बाट समानुपातिक तर्फ मतदान दिने अधिकार हुनुपर्दछ।

**तराई र मधेसी समुदायको समस्या :** तराई र मधेसी जनताको हक-अधिकारको सुरक्षा हुनुपर्दछ। उनीहरुमाथि हुने बिभिन्न प्रकारका उत्पीडन र शोषणको अन्त्य हुनुपर्दछ। खास गरेर महिला र दलितहरुमाथि हुने उत्पीडन र भेदभावको अन्तयका लागि प्रभावशाली कदमहरु उठाइनुपर्दछ। उनीहरुले निर्वाध रुपमा आफ्नो भाषा, धर्म, संस्कृतिको उपभोग गर्न पाउनुपर्दछ। मानव विकास सूचकाङ्कका दृष्टिकोणले पछाडि परेकालाई राज्यले आवश्यक सामाजिक सुरक्षालगायत सेवासुविधा उपलब्ध गराउनुपर्दछ।

**द्वन्दपीडितलाई न्याय र राहत :** दस वर्षे सशस्त्र द्वन्दको क्रममा निर्दोष सर्वसाधारण जनताको हत्या गर्ने, अंगभंग गर्ने, अपहरण गर्ने र महिलालाई बलात्कार गर्ने जस्ता मानवता विरुद्धका अपराधमा संलग्न द्वन्दरत पक्षका व्यक्तिलाई सजाय गरेर द्वन्दपीडितलाई न्याय दिनुपर्दछ। अहिलेसम्म राहत नपाएका वा अपर्याप्त राहत पाएका द्वन्दपीडितलाई उचित राहतको व्यवस्था गरिनुपर्दछ।

**कालोबजारी, कृत्रिम अभाव र आपूर्ति :** कालाबजारियाले देशमा आपूर्ति व्यवस्था र अनुगमनको कमजोर अवस्थाको फाइदा उठाएर कृत्रिम अभाव सृजना गरी कालोबजारीलाई प्रश्रय गर्ने गरेका छन्। त्यसको कडाइपूर्वक नियन्त्रण गरिनुपर्दछ। बिद्युत् सेवा पुगेका क्षेत्रमा समेत उपभोक्ताले लोडसेडिङको मार खप्नुपरेको छ। लोडसेडिङ अन्त्य हुनुपर्दछ। बिद्युत्, डिजेल, पेट्रोल, मटितेल र ग्या"स आपूर्तिको दीर्घकालीन र अल्पकालीन प्रभावशाली व्यवस्था हुनुपर्दछ।

**उपभोक्ताको हित संरक्षण :** बिभिन्न प्रकारका कार्टेलिङ, सिन्डिकेटका कारण यातायात लगायतका क्षेत्रमा यात्रुले बिभिन्न प्रकारका असुविधा र चर्को भाडा बेहोर्नुपरेको छ। खाद्य सामग्री लगायतका बिभिन्न उपभोगजन्य वस्तुमा गरिने मिसावटले जनताको स्वास्थ्यमा प्रतिकूल असर पुगिरहेको छ। अस्पतालमा बिरामीलाई स्वास्थ्य सूचनाको हकबाट बञ्चित गराई चर्को शुल्क असुल्ने गरिएको पाइन्छ। उपभोक्ताको हित संरक्षणका लागि छुट्टै उपभोक्ता अदालतको व्यवस्था गरिनुपर्दछ।

## यो साताको बिशेष



**मानव अधिकार :** संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको मूल्यमान्यता अनुसार संविधानले व्यवस्था गरेका मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्थाको पूर्ण परिपालना र कार्यान्वयन हुनुपर्छ। बालश्रममाथि कडा रोक लगाइनुपर्दछ। बिभिन्न बहानामा मानव बेचबिखन तथा ओसारपसारका कार्य बढेका छन्। मानव बेचबिखन, ओसार पसार तथा महिलालाई जबर्जस्ती वेश्यावृत्तिमा लगाउने कार्य रोक्नुपर्दछ। मानव बेचविखन सम्बन्धी बिद्यमान कानुनी व्यवस्था अपर्याप्त रहेकाले बदलिएको परिस्थितिअनुरुप त्यसमा परिमार्जन गरिनुपर्दछ। त्यस कार्यमा संलग्न दोषीलाई कडा सजायको व्यवस्था हुनुपर्दछ। स्वतन्त्र प्रेस र सञ्चारकर्मीको विकास र हकहितको संरक्षण : विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकको प्रत्याभूति सुनिश्चित गरिनुपर्दछ। श्रमजीवी पत्रकारको संरक्षण तथा विकास गरिनुपर्दछ। पीत पत्रकारितामाथि कडा नियन्त्रण कायम गरिनुपर्दछ।

**ग्रामीण विकास :** नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो। झन्डै ७९ प्रतिशतभन्दा बढी जनता गाउँमा बसोबास गर्दछन्। गाउँ रोग, अशिक्षा, बेरोजगारी पछौटेपनको केन्द्र बनेको छ। गाउँको विकासप्रति अत्यन्त उपेक्षाको नीति अपनाइन्छ। ग्रामीण विकासलाई मुख्य ध्यान दिनुपर्दछ। गाउँमा शिक्षा, संचार आदिको व्यवस्था बढाएर लैजानु पर्दछ। त्यसका लागि केन्द्रमा ग्रामीण विकास मन्त्रालय गठन गरिनुपर्दछ।

**एकीकृत बस्ती विकास :** हिमाली, उच्च पहाडी र कतिपय पहाडी जिल्लाका बिभिन्न स्थानमा मानवबस्ती अत्यन्त पातलो र त्यो पनि छरिएर रहेको अवस्थामा छ। त्यहाँको बसोबासलाई सडक, स्कुल, बिद्युत्, खानेपानी पुऱ्याउन निकै जटिल र अत्यन्त खर्चिलो छ। छरिएर रहेका बस्तीलाई एकै यस्ठाउँ केन्द्रित गर्ने हो भने शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात उपलब्ध गराउन सजिलो र कम खर्चिलो हुने छ। त्यसका लागि एकीकृत बस्ती विकास कार्यक्रमलाई अगाडि बढाउनुपर्दछ। दुर्गम पहाडी, हिमाली तथा पिछडिएको क्षेत्रको विकास : दुर्गम पहाडी तथा हिमाली भेगका जनतालाई बिद्युत्, यातायात, खानेपानी, सिचाइ, शिक्षा लगायत बजार पूर्वाधारको उचित व्यवस्था गरी त्यो क्षेत्रको विकासमा जोड दिनुपर्दछ। कर्णाली र सुदूर पश्चिमका विकट पिछडिएका क्षेत्रको विकासमा विशेष ध्यान दिनुपर्दछ।

पहाडबाट बसाइ सराइमा न्यूनीकरण : पहाडबाट बिभिन्न कारण तराई वा ठुला शहरमा बसाइ"सराइमा तीव्र गतिमा वृद्धि भइरहेको छ, जसको परिणाम पहाड मानवबस्तीविहीन हुने र त्यहाँको कृषियोग्य भूमि बन्जर भूमिमा परिणत हुने खतरा बढ्दै गएको छ। पहाडको विकासका लागि गरिएका सीमित प्रयास पनि व्यर्थ हुँदैछन्। त्यसैले पहाडबाट हुने बसाइ"सराइलाई न्यूनीकरण गर्न आवश्यक योजना, नीति र कार्यक्रम निर्माण गरी लागु गरिनुपर्दछ।

**दुर्गम गाउँमा सुपथ मूल्यका पसल :** दुर्गम तथा पिछडिएका गाउँमा सुपथ मूल्यका पसल खोलिनुपर्दछ।

**ऐतिहासिक र राष्ट्रिय सम्पदाको संरक्षण र विकास :** ऐतिहासिक, पूरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकास गरिने छ। त्यस क्षेत्रमा थप अध्ययन, अनुसन्धान गरिनुपर्दछ।

**कला,साहित्य र संगीतको विकास :** राष्ट्रिय सम्पदाको रुपमा रहेका जनपक्षीय कला, साहित्य र संगीतको विकास गरिनुपर्दछ। जनपक्षीय तथा प्रगतिशील कलाकर्मीको व्यक्तित्व विकासका लागि ध्यान दिइनुपर्दछ।

**वैज्ञानिक अनुसन्धानलाई पर्याप्त बजेटको व्यवस्था :** वैज्ञानिक अनुसन्धानको सवालमा सरकारको नीति उपेक्षापूर्ण रहेको छ। त्यो कार्यका लागि सरकारको ध्यान आवश्यकता अनुसार पर्याप्त छैन। नयाँ नयाँ विषयमा वैज्ञानिक अनुसन्धान गर्न पर्याप्त बजेटको व्यवस्था गरिनुपर्दछ।

**बौद्धिक पलायनमाथि रोक :** देशभित्र तयार भएका बिभिन्न विषयका विज्ञ-विशेषज्ञ बिदेश गई त्यही" बसोबास गर्ने वा अध्ययनको सिलसिलामा बिदेश गएका व्यक्तिहरु स्वदेश नफर्की बिदेशमै बस्ने यहाँसम्म कि सरकारी छात्रवृत्तिमा बिदेश पढ्न गएका पनि बिदेशमै पलायन हुने प्रवृत्ति देखिएको छ। त्यसलाई रोक्न आवश्यक नीति, योजना र कार्यक्रम लागु गरिनुपर्दछ। बुद्धिजीवी र बिदेशमा अध्ययनको लागि जाने बिद्यार्थीहरुमा देशभक्तिको भावनाको विकासमा विशेष प्रयत्न गरिनुपर्दछ र उनीहरुलाई शिक्षा प्राप्त गरेपछि देशमा फर्केर देशको विकासको लागि कामगर्ने चेतनाको विकासका लागि प्रयत्न गरिनुपर्दछ।

**लेखक तथा साहित्यकार :** लेखक तथा साहित्यक स्रष्टाको उत्थान तथा प्रवर्द्धन गरी उनीहरुको जीवनयापनमा समेत गम्भीर ध्यान दिइनुपर्दछ। साहित्य, राजनीति, इतिहास, भूगोल, सामाजिक तथा मानवशास्त्र, विज्ञान, गणितलगायतका बिभिन्न विषयमा अनुसन्धान, अध्ययन र शोधकार्यमा योगदान पुऱ्याई राष्ट्रिय हितमा समर्पित हुने सबै बौद्धिक, वैज्ञानिक तथा सर्जक र स्रष्टाको विकास, समृद्धि र सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ। लेखक, कलाकार आदि सबैका रचनाहरुको बिक्री र कपिराइट सुनिश्चित हुने व्यवस्था गरिनुपर्दछ।

**खाद्यसुरक्षा :** सबै नेपालीलाई खाद्यान्न उपलब्धताको सुनिश्चितता गरिनुपर्दछ। स्वदेशी उत्पादनलाई संरक्षण र बिदेशी आयातमाथि नियन्त्रण : स्वदेशी उत्पादनलाई संरक्षण गरिनुपर्दछ र तिनीहरुलाई बिदेशी प्रतिस्पर्धाबाट बचाउन ठोस कदमहरु उठाइनुपर्दछ। बिदेशी उत्पादनहरुको आयातमाथि गरिनुपर्दछ।

**जेलको अवस्थामा सुधार :** जेलको अवस्थामा सुधार गरी त्यसको आधुनिकीकरण गरिनुपर्दछ। बन्दीहरुलाई उत्पादनमूलक कामहरुमा लगाइनुपर्दछ।

**न्यायालयको अवस्थामा सुधार :** न्यायालयमा देखिएको बेथिति, भ्रष्टाचार तथा न्यायिक अराजकताको अन्त गरिनुपर्दछ। जनता न्यायबाट बञ्चित नहोउन् भन्नका लागि न्यायपालिका क्षेत्रमा न्यायिक सुधार गरिनुपर्दछ।

**सहकारी आन्दोलन :** सहकारी आन्दोलनलाई सघन ढंगले कृषिसामग्री र उत्पादन क्षेत्रका साथै अन्य वस्तु र सेवाको सरल र सहज उत्पादन र वितरण, साना बचत संकलन र ऋण परिचालनको महत्वपूर्ण आधार बनाइनुपर्दछ। त्यसका साथै सहकारी आन्दोलनमा देखिएका भ्रष्टाचार, जनताको रकम अपचलन गर्नेमाथि कडा कारबाही गरिनुपर्दछ।

**प्रवासी नेपालीहरुको मताधिकार :** संसारका बिभिन्न देशहरुमा अस्थायी रुपले वसोवास गरेका नेपाली नागरिकहरुलाई उनीहरुको बसोबास नै भएको देशबाट समानुपातिक तर्फ उम्मेदवार हुने र मतदानगर्ने समेत अधिकार हुनुपर्दछ।

**बिदेशी ऋण :** नेपाललाई बिदेशी ऋणको दुष्चक्रबाट मुक्त गरिनुपर्दछ। अन्तर्राष्ट्रिय वित्तीय संस्था, बिदेशीको योजना र सर्तबमोजिम ऋण अनुदान लिने परम्पराको अन्त्यगर्दै राष्ट्रिय आवश्यकता र हितअनुकूल आफ्नो योजना, सर्त र पहलमा बैदेशिक सहयोग लिइनुपर्दछ।

**(राष्ट्रिय जनमोर्चाको चुनावी घोषापत्रबाट)**

# नेकपा (माओवादी) को चुनावी घोषणापत्रमा के छ ?



काठमाडौं। नेकपा (माओवादी) को चुनावी घोषणापत्रमा के छ ? भन्ने जिज्ञासाहरु बिभिन्न क्षेत्र र पक्षमा ब्यक्त भैरहेका छन्। सो पार्टीको चुनावी चिन्ह गुलावप्रति बिभिन्न क्षेत्रमा आकर्षण बढ्दैगएको देखिएको छ। यसअघि संसदीय निर्वाचनमा सहभागी नभएको सो पार्टी आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पहिलो पल्ट सहभागी हुनलागेको हो। निर्वाचन नजिकिँदैगर्दा सो पार्टी गुलाव चुनावचिन्ह लिएर प्रचारप्रसारमा व्यस्त रहेको देखिन्छ। नेकपा माओवादीले प्रचारप्रसार, जनपरिचालन र आफ्ना बैचारिक प्रस्तावहरु जनतामाझ पुऱ्याउने अभियान तीव्र बनाइएको जनाएको छ। सो पार्टीमा महासचिव नेत्रबिक्रम चन्दअनुसार गत छगतेपछि नै चुनावी गतिविधि औपचारिकरुपमा शुरु भइसकेको छ। प्रचारप्रसार, जनपरिचालन र पार्टीका बिभिन्न उम्मेदवारका विषय तथा प्रस्तावहरु जनतामा सम्प्रेषणगर्ने काम भैरहेको छ। उहाँले यो निर्वाचनलाई आफूहरुले केवल चुनावका रुपमामात्र होइन, जनताका मुद्दा उठाउने माध्यमका रुपमा लिएको बताउनु भएको छ। सडक आन्दोलन, बैचारिक संघर्ष र वैकल्पिक राजनीतिक धारबाट चिनिएको सो समूह संसदीय व्यवस्थाप्रति कडारुपले आलोचनागर्दै आइरहेको थियो। बिगत लामो समयदेखि संसदीय राजनीतिक प्रणालीको आलोचनागर्दै आएको सो समूह एकाएक निर्वाचन प्रक्रियामा सहभागी हुनुको कारण स्पष्ट नभएको कतिपयको भनाई रहेको छ। त्यसलाई स्पष्ट गर्दै महासचिव चन्दले संसदीय व्यवस्था सही छभनेर स्वीकारगर्दै पार्टी निर्वाचनमा गएको होइन। हामीले संसदीय व्यवस्था गलत छ र यसलाई जनताको व्यवस्थामा बदल्नको लागि संसदबाट जनताका मागहरु, मुद्धाहरु उठाउनका लागि हामी सहभागी बन्दैछौं भन्नुभएको छ। आगामी फागुन २१ गतेको निर्वाचनका लागि घोषणापत्र तयार भइसकेको र जनतामाझ छलफलको चरणमा रहेको उहाँले बताउनु भएको छ। घोषणापत्रमा शासकीय स्वरुप, प्रतिनिधिसभाको भूमिका, आर्थिक प्रणाली, समाज र राज्यको सम्बन्ध, अन्तर्राष्ट्रिय सम्बन्ध, वातावरण, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका विषय समेटिएको उहाँको भनाइ छ। उहाँले खासगरी शासकीय स्वरुप अनि प्रतिनिधि सभाको विशेषता, आर्थिक प्रणाली, समाज, राज्य, त्यसको अन्तर्राष्ट्रिय सम्बन्ध, पर्यावरण, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका सबै विषयहरुलाई त्यहाँ समेटेर प्रस्तुत गरेको बताउनु भएको छ। नेकपा माओवादीको मुख्य उद्देश्य संसदीय व्यवस्थालाई सुधारमात्र होइन, समाजवादी व्यवस्थामा रुपान्तरणगर्नु रहेको उहाँको भनाई छ। उहाँले शक्तिअनुसार संसद बदल्ने हो। सुधार पनि गर्ने हो, तर मुख्यतः हाम्रो उद्देश्य संसदीय व्यवस्थालाई समाजवादी व्यवस्थामा बदल्नुपर्छ, रुपान्तरण गर्नुपर्छभन्ने प्रस्ताव छ। त्यो कुरा हामी संसदमा पनि राख्छौं भन्नुभएको छ। पार्टीको चुनाव चिन्ह गुलाबलाई लिएर समाजमा देखिएको चासोबारे उहाँले फरक ढंगले व्याख्या गर्ने गर्नुभएको छ। उहाँले एउटा गीतनै छनि, फूलको आँखामा फूलै संसार, गुलाब पनि शान्तिको प्रतीक हो, प्रेमको प्रतीक पनि हो। यो रातो छ, क्रान्तिको प्रतीक पनि हो। यो भित्र धेरै अर्थहरु छन्, तर मुख्यतः गुलाब भनेको अहिले एउटा जनताको भावना, देशको आवश्यकतासँग जोडिएको चिन्ह बनेको छ भन्नुभएको छ। महासचिव चन्दले घरघरमा गुलाब चुनाव चिन्ह लिएर जाँदा सकारात्मक प्रतिक्रिया पाइरहेको अनुभव पनि सुनाउने गर्नुभएको छ। नेकपा (माओवादी) र पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टी बीच एकता हुने/नहुने विषय पछिल्लो समय राजनीतिक वृत्तमा चर्चाको केन्द्रमा रहेको थियो। तर हाल आएर नेकपा माओवादीले त्यसलाई स्पष्टगर्दै चुनावी तालमेलसमेत नगर्ने स्पष्ट गरिसकेको छ। महासचिव चन्दले समाजवादी मोर्चामार्फत लामो समय छलफल र गृहकार्य भए पनि अन्ततः दुवै पक्षबीच तत्काल एकता सम्भव नहुने निष्कर्षमासमेत पुगेको बताउनु भएको छ। उहाँकाअनुसार केही सैद्धान्तिक र बैचारिक विषय नमिलेका कारण तत्काल एकता सम्भव नभएको हो। नेपाली कम्युनिष्ट पार्टीसँग एकतागर्ने सन्दर्भमा शुरुमा भएका छलफलहरु र एजेण्डाबारे दाहाल पछि हटेपछि तत्काल एकता हुन नसक्ने अवस्था सिर्जना भएको महासचिव चन्दको भनाई छ। उहाँले मार्क्सवाद, लेनिनवाद, माओवाद, आर्थिक नीति, जीवनशैली, संस्कार, आन्दोलनको शैली र संगठनात्मक प्रणालीजस्ता विषयमा हाम्रो मत नमिलेको बताउनु भएको छ। उहाँले अहिलेको कम्युनिष्ट अभ्यासलाई चुनाव जित्न मान्छे थुपार्नेमात्र भएको आरोप पनि लगाउनु भएको छ। उहाँले कम्युनिष्ट पार्टीहरुको संगठनात्मक ढाँचा हेर्दा पार्टीको कुनै मूल्य मान्यता **बाँकी ७ पेजमा**

# नेपालमा व्यक्तिगत डाटा संरक्षणमा देखिएका चुनौतीहरु

हेमन्त जोशी

*पारिवारिक विवरण, बायोमेट्रिक सूचना, स्वास्थ्य अभिलेख, वित्तीय अवस्था, सम्पत्ति विवरण, शैक्षिक प्रमाणपत्रदेखि मोबाइल नम्बर र डिजिटल गतिविधिसम्मका विवरण राज्य र निजीक्षेत्र दुवैले संकलन गरिरहे पनि ती विवरण क-कसले संकलन गऱ्यो ? कुन निकायसँग साझा गरियो ? कति समय राखिन्छ ? र कति सुरक्षित छन् भन्नेबारे नागरिक अनभिज्ञ छन् । संकलित डाटा चुहावट वा दुरुपयोग भएमा त्यसको जिम्मेवारी कसले लिने र पीडितले कसरी न्याय पाउने भन्ने स्पष्ट कानूनी आधार बनिसकेको छैन । राष्ट्रिय परिचयपत्र, राहदानी, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र, करदाता दर्ता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमालगायत अनेकौं सेवाका लागि नागरिकका विस्तृत व्यक्तिगत विवरण संकलन गरिन्छ ।*

पछिल्ला वर्षमा नागरिकका विवरणलाई बैंकिङ सेवा, सामाजिक सुरक्षा, बिमा, सरकारी अनुदान र बिभिन्न सार्वजनिक सेवासँग क्रमशः एकीकृत र अनिवार्य बनाउँदै लगिएको छ । राज्यले यसलाई ‘डिजिटल इकोसिस्टम’ एकीकरणको आधार मानेको छ । एउटै परिचयका आधारमा नागरिकले सेवा पाउने, कागजी झन्झट घट्ने र सेवा प्रवाह प्रभावकारी हुने सरकारी दाबी छ । व्यवहारमा कतिपय सेवा छिटो भएका पनि छन् । तर यस्तो प्रयोजनका लागि प्रयोग हुने व्यक्तिगत डाटा संरक्षणको विषय भने नेपालमा अझै नीति र कानूनविहीन अवस्थामा छ । नागरिकका नाम, ठेगाना, उमेर, पारिवारिक विवरण, बायोमेट्रिक सूचना, स्वास्थ्य अभिलेख, वित्तीय अवस्था, सम्पत्ति विवरण, शैक्षिक प्रमाणपत्रदेखि मोबाइल नम्बर र डिजिटल गतिविधिसम्मका विवरण राज्य र निजीक्षेत्र दुवैले संकलन गरिरहे पनि ती विवरण क-कसले संकलन गऱ्यो ? कुन निकायसँग साझा गरियो ? कति समय राखिन्छ ? र कति सुरक्षित छन् भन्नेबारे नागरिक अनभिज्ञ छन् । संकलित डाटा चुहावट वा दुरुपयोग भएमा त्यसको जिम्मेवारी कसले लिने र पीडितले कसरी न्याय पाउने भन्ने स्पष्ट कानूनी आधार बनिसकेको छैन । राष्ट्रिय परिचयपत्र, राहदानी, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र, करदाता दर्ता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमालगायत अनेकौं सेवाका लागि नागरिकका विस्तृत व्यक्तिगत विवरण संकलन गरिन्छ ।

यस्ता विवरण केवल सरकारी निकायमा मात्र सीमित छैनन् । बैंक तथा वित्तीय संस्था, दूरसञ्चार कम्पनी, अस्पताल, बिमा कम्पनी, अनलाइन प्लेटफर्म र अन्य व्यावसायिक संस्थाले पनि ठूलो मात्रामा व्यक्तिगत डाटा संकलन र भण्डारण गरिरहेका छन् । नागरिकको निजत्व, सम्पत्ति, तथ्यांक, लिखित तथा अन्य व्यक्तिगत सूचनाको गोपनीयताको हक व्यवहारमा सुनिश्चित हुन सकेको छैन । यस्ता संवेदनशील डाटा सुरक्षित नहुँदा पहिचान चोरी, आर्थिक ठगी, सामाजिक बदनामी, मानसिक आघात मात्र होइन, राष्ट्रिय सुरक्षामा पनि जोखिम उत्पन्न हुनसक्ने विज्ञहरु बताउँछन् । नीति अनुसन्धान प्रतिष्ठानका सह-अनुसन्धानकर्ता दीपेन्द्रप्रसाद पन्तले व्यक्तिगत डाटा संरक्षणलाई सामान्य प्राविधिक वा प्रशासनिक विषयका रुपमा हेर्न नहुने बताउनुभयो । उहाँकाअनुसार यो विषय नागरिक अधिकार, लोकतान्त्रिक शासन र राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएको छ । पन्तले नेपालमा व्यक्तिगत डाटा संरक्षणका लागि स्पष्ट नीति छैन भने छुट्टै कानून र प्रभावकारी संरचना बन्नसकेका छैनन् । व्यक्तिगत विवरण खुल्दा त्यसले व्यक्तिको गोपनीयतामा मात्र होइन, राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभावपार्न सक्छ । अरु देशहरुले व्यक्तिगत गोप्यताका विषयलाई अत्यन्त गम्भीररुपमा लिने गरे पनि हामी अझयै आधारभूत तहमा अड्किएका छौं भन्नुभयो । वैयक्तिक गोपनीयता सम्बन्धी ऐन-०७५ र वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली- ०७७ कार्यान्वयनमा भए पनि यसले डिटिजल डाटा प्रयोग र सुरक्षणलाई आंशिकरुपमा मात्र समेट्ने उहाँको भनाइ छ ।

उहाँका अनुसार डाटा चुहावटको असर कुनै एक व्यक्तिको क्षतिमा सीमित हुँदैन । नागरिकको परिचय विवरण, बायोमेट्रिक सूचना, स्वास्थ्य अभिलेख वा वित्तीय तथ्यांक बाहिरिएर त्यसलाई संगठित अपराध, साइबर अपराध लगायत अवैध गतिविधि बढ्ने जोखिम रहन्छ । उहाँले व्यक्तिगत विवरण बाहिरिँदा त्यसको दुरुपयोगबाट सामाजिक अस्थिरता, आर्थिक अपराध र राष्ट्रिय सुरक्षासम्बन्धी जोखिम पैदा हुन सक्छन् । यसलाई सामान्य प्रशासनिक कमजोरी भनेर नजर अन्दाज गर्न मिल्दैन भन्नुभयो । व्यक्तिगत विवरण चुहावटहुँदा व्यक्तिको सामाजिक छवि, मानसिक अवस्था र व्यक्तिगत सुरक्षामा गहिरो असर पर्छ । नेपालमा यस्तो क्षतिको दायित्व कसले लिने र पीडितले कति क्षतिपूर्ति पाउने भन्नेबारे कुनै कानूनी व्यवस्था छैन । कानूनी दण्ड र क्षतिपूर्तिको प्रावधान नहुँदा डाटा सुरक्षालाई प्राथमिकतामा राख्ने संस्कार नै विकास हुन नसकेको पन्तको बुझाइ छ । नेपालको संविधानले सूचना पाउने अधिकार र गोपनीयताको हक दुवैलाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ । तर यी दुई हकबीच सन्तुलन कसरी कायम गर्नेभन्ने विषयमा स्पष्ट कानूनी मार्गनिर्देशन नभएको उहाँले उल्लेख गर्नुभयो । पन्तले सूचना पाउने अधिकार र व्यक्तिको गोपनीयताबीच स्पष्टता जरुरी छ । सबै सूचना सार्वजनिक हुनुपर्छभन्ने बुझाइले व्यक्तिगत गोपनीयता कुण्ठितगर्न सक्छ भन्नुभयो । कुन अवस्थामा व्यक्तिगत विवरण लुकाउनुपर्ने, कुन सूचना सार्वजनिक हितका लागि आबश्यक हुन्छ भन्ने स्पष्टता नहुँदा विवाद र दुरुपयोगको जोखिम बढिरहेको छ ।

सरकारले डिजिटल नेपाल अभियान अन्तर्गत अधिकांश सार्वजनिक सेवा ‘पेपरलेस’ बनाउने घोषणा गरेको छ । डिजिटल प्रणालीमा राखिएका विवरण कति सुरक्षित छन्भन्ने प्रश्नको स्पष्ट उत्तर छैन । पन्तले हामीले सबै सार्वजनिक काम पेपरलेस (कागजरहित प्रणाली) बनाउँदै जाने भनेका छौं । तर राखिएका विवरण पूर्णरुपमा सुरक्षित छन्भनेर भन्नसक्ने अवस्था छैन । व्यक्तिगत डाटा सुरक्षाका संयन्त्र विकास गर्न सकिएन भने हामी प्रविधिमा होइन, जोखिममा अघि बढिरहेका हुन्छौं भन्नुभयो । डिजिटलाइजेसनसँगै डाटा संरक्षण कानून, स्वतन्त्र नियामक निकाय, प्राविधिक मापदण्ड र दक्ष जनशक्ति एकसाथ विकास हुनुपर्ने उहाँको धारणा छ । नेपालमा सेवा विस्तारको गति र सुरक्षा तयारीबीच गहिरो अन्तर देखिएको उहाँले बताउनुभयो । साइबर सुरक्षाविद् विजय लिम्बूले वैयक्तिक गोपनीयतासम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन नभएको र डाटा सुरक्षाका लागि संस्थागत रुपमा कुनै नियामक निकाय बन्न नसकेको अहिलेको अवस्थामा सूचना प्रविधिका क्षेत्रमा नेपालमा काम गर्न चाहने विदेशी कम्पनी इच्छुक नहुने उल्लेख गर्नुभयो । डाटा सुरक्षणका लागि अन्तरराष्ट्रिय मापदण्डसहितका कानून नभए पनि संविधानले प्रत्याभूत गरेको वैयक्तिक गोपनीयताको हक तथा यससम्बन्धी कानून कार्यान्वयनमा रहेका उहाँको भनाइ छ ।

उहाँले कानूनको प्रभावकारी कार्यान्वयन नहुनु, नियामक निकाय बनाउन नसक्नु र डाटा सुरक्षाका विषयलाई महत्व दिएर अभ्यासमा ल्याउन नसक्नु प्रमुख समस्या हुन् । भएकै कानून पनि कार्यान्वयनमा कमजोरहुँदा सूचना प्रविधिसँग जोडिएका अन्तरराष्ट्रिय कम्पनीहरु नेपाललाई सहजै विश्वास गर्दैनन् भन्नुभयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको ई-गभर्नेन्स बोर्डले व्यक्तिगत डाटा संरक्षण नीति-०८२ को मस्यौदा तयार पारेको लामो समय भइसकेको छ । उक्त नीति अझै स्वीकृत भएर कार्यान्वयनमा आएको छैन । नीति नबनेकले यससँग सम्बन्धित ऐन, कानून पनि अघिबढ्न सकेका छैनन् । ई-गभर्नेन्स बोर्डका सहसचिव अनीलकुमार दत्तले नीतिको मस्यौदा तयार भइसके पनि प्रक्रिया ढिलो भएको स्वीकार गर्नुभयो । उहाँले बिभिन्न निकायसँग व्यक्तिका बिभिन्न खालका डाटा छन् । त्यसमा कतिपय संवेदनशील र व्यक्तिगत गोपनीयतासँग जोडिएका पनि हुनसक्छन् । अहिले कुन डाटा दिने र कुन नदिनेभन्ने स्पष्टता छैन भन्नुभयो । व्यक्तिगत डाटाको वर्गीकरण आबश्यक भइसकेको पनि दत्त बताउनुहुन्छ । उहाँले व्यक्तिगत विवरणसँग सम्बन्धित तथ्यांकको वर्गीकरण आबश्यक छ । यसले कुन निकायले व्यक्तिको कतिसम्मका विवरण संकलन गर्नपाउने र अर्को निकायलाई उपलब्ध गराउँदा कतिसम्म दिनेभन्ने स्पष्टता ल्याउँछ भन्नुभयो । व्यक्तिगत डाटा संरक्षणसम्बन्धी कानून नहुँदा डाटा संकलन, स्थानान्तरण, वर्गीकरण र साझेदारीका लागि कुनै स्पष्ट मापदण्ड छैन । कुनकुन निकाय डाटा संकलन, प्रशोधन र विश्लेषणमा संलग्न छन् भन्ने तथ्यसमेत अस्पष्ट छ । प्रविधिको प्रयोगलाई बढावा दिइरहँदा त्यसले निम्त्याउने सुरक्षाका विषयलाई नजरअन्दाजगर्न नहुने राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यालय प्रमुख मनिष भट्टराईले बताउनुभयो । त्यसका लागि डाटा संरक्षणको नीति र कानून अपरिहार्य बनिसकेको उहाँको बुझाइ छ । विद्यमान अवस्थालाई विश्लेषणगर्ने होभने डिजिटल डाटा संकलन गर्ने निकायले त्यसको सुरक्षा, भण्डारण, क्लाउड पहुँच र नियन्त्रणबारे नागरिकलाई विश्वस्त गराउन सकेका छैनन् । संकलित डाटाको नियमन गर्ने कानूनी व्यवस्था, संस्थागत संरचना र पूर्वाधार बन्न सकेका छैनन् । व्यक्तिको डाटा संकलनदेखि विसर्जनसम्म कानूनबमोजिम भए/नभएको सुनिश्चितगर्ने संयन्त्र छैन । अनधिकृत प्रयोग भएमा कसरी कानूनी दायरामा ल्याउनेभन्ने स्पष्ट छैन । डाटा संकलन गर्दा व्यक्तिको सहमति लिने प्रचलनसमेत स्थापित हुन सकेको छैन । सरकारी वा गैरसरकारी निकायले व्यक्तिगत डाटा संकलन गर्दा त्यसको उद्देश्य स्पष्ट गर्नुपर्ने र सोही उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेमा व्यवहारमा यस्तो अभ्यास देखिँदैन । डाटा कति समयसम्म राख्ने, कहिले नष्टगर्ने भन्नेबारे कुनै कानूनी व्यवस्था छैन । विदेशमा भने व्यक्तिगत डाटा संकलनदेखि विसर्जनसम्मको कार्यको निरीक्षण तथा अनुगमनका लागि डाटा अडिट प्रतिवेदन तयार गर्ने प्रचलन छ । त्यसैगरी, संवेदनशील डाटाको पहुँचमा बहुपक्षीय प्रमाणीकरण (मल्टी-फ्याक्टर अथेन्टिकेसन) र पहुँचसम्बन्धी सूचना (नोटिफिकेसन) प्रणाली लागू हुनसकेको **बाँकी ७ पेजमा**

# युवक संघको केन्द्रीय सम्मेलन स्थगित

काठमाडौं । पछिल्ला दिनमा चुनावी चहल पहल बढेपछि नेकपा(मसाल) सम्बद्ध अखिल नेपाल युवक संघको गत २३ गतेबाट आज २५ गतेसम्म रुपन्देहीको बुटवलमा हुने भनिएको सम्मेलन स्थगित गरिएको छ । समितिका अध्यक्ष गणेश अधिकारीले समितिको तर्फबाट गत २२ गते एक वक्तव्य जारीगरि देशीय राजनीतिक अन्योलताको अवस्था र देश चुनावमय भएको अवस्थामा हाललाई केन्द्रीय सम्मेलन तत्काल आयोजनागर्न सम्भव नभएकाले अर्को मितिपछि तयगर्नेगरी सम्मेलन हाललाई स्थगित गरिएको बताउनु भएको छ । बक्तब्यमा अखिल नेपाल युवक संघको यही माघ २३-२५ गते बुटवलमा आयोजनागर्ने भनिएको आठौं केन्द्रीय सम्मेलन भाद्र महिनाको १३ र १४ गते बसेको केन्द्रीय समितिको बैठकको निर्णयअनुसार तयगरिएको थियो । तर भाद्र २३-२४ को जेनजी प्रदर्शनकोक्रममा राष्ट्रले इतिहासमै नभोगेको मानवीय तथा भौतिक क्षेती भोग्न पुग्यो । जसमा ७३ जनाले ज्यान गुमाउन पुगेभने देशको लामो इतिहास बोकेका सिंहदबार, सर्वोच्च अदालत जस्ता अन्य थुप्रै सार्बजनिक भौतिक संरचनार्चनासमेत धस्त हुन पुगे भनिएको छ । बक्तब्यमा जसको परिणाम देशको राजनीतिक अवस्थामा एकाएक परिबर्तन आइ एकातर्फ पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठनहुन पुग्यो । यसरी असंबैधानिक रुपमा बनेको सरकार र त्यसले गरेको संसद् विघटनको सिफारिसले रास्ट्रपति मार्फत संसद विघटन गरेर उक्त सरकारले फागुन २१ को निर्वाचन घोषणा गरि यही माघ छगते उम्मेदवारी दर्तासमेत गरिसकेको छ । देश निर्वाचनमा होमीइसकेको अवस्था छभने अर्को तर्फ सर्वोच्च अदालतमा संसद् पुनःस्थापना सम्बन्धी रिट दर्ताका कारण देश गम्भीर राजनीतिक अन्योलमा प्रवेश गरेको अवस्था छ भनिएको छ । बक्तब्यको अन्त्यमा यी सबै घटनाक्रमलाई नियाल्दा देशभित्रको आन्तरिक समस्या र विश्वव्यापी रुपमा बढ्दो अन्तर्राष्ट्रिय भू-राजनीतिक तनाव, साम्राज्यवादी शक्ति संघर्ष र हस्तक्षेपको बढेकाले नेपालजस्तो सानो र संवेदनशील मुलुकमा थप चुनौती सिर्जना हुनपुगेको छ । तसर्थ देशीय राजनीतिक अन्योलताको अवस्था र देश चुनावमय भएको अवस्थामा हाललाई केन्द्रीय सम्मेलन तत्काल आयोजना गर्न सम्भव नभएकाले अर्को मितिपछि तयगर्नेगरी सम्मेलन हाललाई स्थगित गरिएको स्पष्ट गरिएको छ ।

# क्रान्तिकारीद्वारा नेताहरुको पक्राउको बिरोध

काठमाडौं । अखिल क्रान्तिकारीले आफ्नो संगठनका नेताहरुको पक्राउको बिरोध गरेको छ । शुल्क शोषणविरुद्ध आन्दोलनरत अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी यूनियन (क्रान्तिकारी) का अगुवा नेताहरुलाई प्रहरीले पक्राउ गरेको भन्दै सो संगठनले विरोध गरेको छ । सो संगठनकाअनुसार त्रि.वि.मा भइरहेको शुल्क शोषणको विरोधमा अखिल (क्रान्तिकारी) त्रिवि जिल्ला समितिको अगुवाइमा ३४ दिनसम्म शान्तिपूर्णरुपमा सञ्चालन भएको बिद्यार्थी आन्दोलन ०८२ साल भदौ १० गते त्रिवि प्रशासनसँग लिखित सहमति भएपछि स्थगित गरिएको थियो । तर सहमति कार्यान्वयन गर्नुको सट्टा प्रशासनले आन्दोलनका अगुवा बिद्यार्थी नेताहरुलाई पक्राउगर्नु निन्दनीय र आपत्तिजनक रहेको सो संगठनको ठहर छ । पक्राउपर्नेहरुमा अखिल ( क्रान्तिकारी) का त्रि.वि. जिल्ला अध्यक्ष दिनेश ऐर, उपाध्यक्षहरु तेजप्रकाश सञ्ज्याल र शिव भट्ट तथा विक्की विष्ट रहेका छन् । अखिल (क्रान्तिकारी) उपत्यका विशेष प्रदेश समितिका इन्चार्ज निरोज श्रेष्ठले **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## बिश्वमा बढ्दैगएको आणबिक हतियारको त्रास र संयुक्त राष्ट्रसंघको चिन्ता

कर्तव्य


अमेरिका र रुसबीच आणविक हतियार नियन्त्रणगर्नका लागि गरिएको सन्धी ‘न्यु स्टार्ट ट्रिटी’ गतसाता बिहीबारबाट समाप्त भएपछि एकातिर बिश्वमा आणबिक हतियारको त्रास बढेको छभने अर्कातिर संयक्त राष्ट्रसंघले चिन्ता पनि ब्यक्त गरेको छ । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र रुसलाई नयाँ आणविक हतियार नियन्त्रण सम्झौतामा तुरुन्तै हस्ताक्षरगर्न आग्रह गर्नुभएको छ । उहाँले बिद्यमान सन्धिको म्याद सकिँदा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा अवस्था गम्भीर मोडमा पुगेको बताउनु भएको छ । उहाँले हालै जारी गरेको एक विज्ञप्तिमा आधा शताब्दीभन्दा बढी समयमा पहिलो पटक, हामी यस्तो संसारको सामना गरिरहेका छौं । जहाँ आणविक हतियारको अत्याधिक भण्डारण भएका दुई राष्ट्रलाई रणनीतिक आणविक हतियार भण्डारमा कुनै बाध्यकारी लगाम छैनभन्ने उल्लेख छ । क्याथोलिक धर्मगुरु पोप लियो चौधौंले नयाँ हतियार दौड रोक्न सबैले सक्दो पहलगर्नु आवश्यक रहेको बताउनु भएको छ । आणविक हतियार नियन्त्रणसम्बन्धी कार्यमा विगत ४५ वर्षदेखि सक्रिय पूर्व सोभियत तथा रुसी मध्यस्थकर्ता निकोलाई सोकोभले केही वर्षभित्र फेरि हतियारको आणविक दौड शुरु हुनसक्ने खतरा औंल्याउनु भएको छ । एनबीसी न्युजसँगको वार्तामा उहाँले केवल वार हेडको संख्या बढाउनमात्रै होइन । खसाल्न कठीन हुने खालका अत्याधिक र सही निशाना हान्ने हतियारहरु बनाउनका लागि पनि देशहरु आकर्षित हुनसक्छन् भन्नुभएको थियो । अमेरिकाको अन्तर्राष्ट्रिय सुरक्षा तथा हतियार नियन्त्रण विभागका पूर्व अन्डर सेक्रेटरी थोमस कन्ट्रीम्यानले आणविक हतियारमा लगाम नलगाउँदाको असर संकटको समयमा देखिनसक्ने बताउनु भयो । उहाँले द्वन्द खराब अवस्थामा पुग्दा यसले अपेक्षित वा अनपेक्षित खतरनाक रुप लिनसक्छ र मानिसहरु आणविक द्वन्द निम्तिनसक्छ भन्नुभएको छ । पछिल्लोपटक सन् २०२१ मा पाँच बर्षका लागि सो सन्धि नवीकरण गरिएको थियो । सन्धिमा एकहजार ५५० भन्दा धेरै आणविक वार हेड तैनाथ अवस्थामा राख्न नमिल्ने उल्लेख छ । त्यसैगरी लामो दूरीको मिसाइल्स र बम्बर ७०० भन्दा



धेरै राख्न पाइदैंन । ८०० भन्दा धेरै अन्तर महादेशीय ब्यालेष्टिक क्षेप्यास्त्रलाई तैनाथ अवस्था राख्न पाइन्न । सन्धि कार्यान्वयन भए/नभएको अनुगमनगर्नका लागि दुबै पक्ष एकअर्काका आणविक हतियार केन्द्रमा वर्षेनी जान पाउनेछन् । तर अब सन्धिसँगै यी सबै प्रावधान समाप्त भएका छन् । सन् २०१० मा अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामा र रुसका तत्कालीन राष्ट्रपति दिमित्री मेदभेदेवले उक्त सम्झौतामा हस्तक्षर गर्नुभएको थियो । सन् २०११ देखि यो सम्झौता लागू भयो । १० वर्षपछि सन् २०२१ मा फेरि पाँच बर्षका लागि सो सम्झौता नवीकरण भएको थियो । २०२१ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकाका राष्ट्रपति जो बाइडेनले नवीकरण सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । सो सन्धि आणविक हतियार नियन्त्रणका लागि विगतमा रुस र अमेरिकाबीच भएका सन्धिहरुकै संशोधित रुप थियो । शितयुद्ध अन्त्यका बेला सन् १९९१ मा अमेरिका र सोभियत युनियनले रणनीतिक वारहेडको परिचालन सिमित गर्नेगरी ‘स्टार्ट वान’ सम्झौता गरेका थिए । सो सम्झौता सन् २००९ सम्म कायम रहेको थियो । सोही अवधिमा सन् १९९३ मा ‘स्टार्ट टु’ पनि भएको थियो । यसले सम्झौताले परिचालित रणनीतिक आणविक वारहेडलाई थप कटौतीगर्ने र बहुवारहेडयुक्त अन्तरमहादेशीय ब्यालेष्टिक क्षेप्यास्त्रलाई हटाउने लक्ष्य राखेको थियो । तर, हस्तक्षर भएपनि यो सम्झौता कहिल्यै कार्यान्वयनमा आएन । रुसले सन् २००२ मा औपचारिकरुपमै यस सम्झौताबाट बाहिरिएको घोषणा गरेको थियो । सन् २००३ देखि २०११ सम्म अर्को सम्झौता पनि भएको थियो । जसलाई ‘सर्ट’ (स्ट्र्याटिजिक अफेन्सिभ रिडक्सन ट्रिटी) भनिन्छ । त्यसमा दुबै पक्षले अपरेशनमा रहेका परिचालित रणनीतिक वार हेडलाई हटाउने सहमति भएको थियो । तर सन्धिको कार्यान्वयन भए/नभएको विषयमा चेकजाँचगर्ने संयन्त्र निकै फितलो थियो । स्टार्ट वानकै संयन्त्रले यसको चेकजाँच गर्नुपर्ने अवस्था थियो । त्यहीकारण सन् २००९ मा गरिएको र सन् २०११ देखि लागूभएको न्यु स्टार्टले सबैलाई बिस्थापित गऱ्यो । सन् २०२१ मा अमेरिकी राष्ट्रपति जो बाइडेन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हस्ताक्षर गरेर थप पाँचबर्ष यस सन्धिलाई नवीकरण गर्नुभएको थियो । प्रतिस्पर्धी देशको राजनीतिक, सैन्य र औद्योगिक केन्द्रहरुमा मार हान्ने लक्ष्यले आणविक हतियारहरु डिजाइन गरिएको हुन्छ । अमेरिका, रुस, फ्रान्स, चीन, बेलायत, पाकिस्तान, भारत, इजरायल र उत्तर कोरिया संयुक्त राष्ट्रसंघको आणविक हतियार अप्रसार सन्धिका हस्ताक्षरकर्ता हुन् । उक्त सन्धिको हस्ताक्षरकर्ता नभएपनि इजरायलसँग आणविक हतियार रहेको धेरैको अनुमान छ । विश्वको ९० प्रतिशतभन्दा धेरै आणविक हतियार रुस र अमेरिकासँग रहेको स्टकहोम इन्टरनेशनल पिस रिसर्च इन्स्टिच्युटको २०२५ को प्रतिवेदनले जनाएको छ । दुई देशको वार हेड जोड्दा १० हजार ५ सयभन्दा धेरै पुग्ने प्रतिवेदनमा उल्लेख छ । जसले ती आणविक हतियारमध्ये सिमित एकहजार ५५० लाईमात्रै ‘स्ट्यान्ड बाई’ अवस्थामा राख्न पाइने सहमति गरेको थियो । सन्धि समाप्त **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा भारत र अमेरिकाबीचको पछिल्लो ब्यापार सम्झौता

लोकनारायण सुवेदी



अमेरिका र भारतबीच आजको तीब्र गतिले बदलिदो बिश्व परिप्रेक्षमा गतसाता एकाएक एउटा निकै गम्भीर प्रकृतिको ब्यापार सम्झौताको घोषणा गरियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको यो ब्यापार सम्झौताको घोषणा पनि 'अपरेशन सिन्दूर' नामको भारत-पाकिस्तान युद्ध बिराम सम्झौताको घोषणा डोनाल्ड ट्रम्पले गरेजस्तै किसिमले गरेको देखियो। ट्रम्पले घोषण गरेपछि नै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले त्यस सम्झौताको सूचना भारतीय जनताकाबीच सार्बजनिक गरे। त्यतिबेला भारतका अर्थ तथा बाणिज्य मन्त्री के गरिरहेकी थिइन् भन्ने प्रश्न पनि उठिरहेको छ र त्यसको खुलासा भएको छैन। जे भए पनि अहिले अमेरिका र भारत बीचको यो सम्झौतालाई ट्रम्प र मोदी दुबैले आआफ्नो बिजय भएको बताइरहेका छन्। यसबारेमा राष्ट्रपति ट्रम्पले आरम्भिक हरफमा नै नरेन्द्र मोदीसँगको मित्रताको कुरा लेखेका छन् र उनको प्रसंशा गरेका छन्। यता नरेन्द्र मोदीले पनि आफ्नो लिखतमा पुनः ट्रम्पलाई प्रियमित्र भनेर सम्बोधन गरेका छन्।

भारतीय बिश्लेषहरु भने के भनिरहेका छन् भने यी दुइ मित्रका बीच परस्परमा जे सुकै कुरा भनिएको होस् कसैलाई केही फरक नपर्ला। तर जब करोडौं भारतीय देशबासीहरुको कुरा आउँदछ त्यस स्थितिमा यसले ठूलो फरक पर्न जान्छ। ब्यापार कर(ट्यारिफ)कमगर्ने सम्झौताको कुरालाई नरेन्द्र मोदीले ठूलो बिजयकोरुपमा प्रस्तुत गरिरहेका छन्। गएको मंगलबार बिहानै भारतीय एनडीए (नेशनल डेमोक्रेटिक एलाइन्स) का सांसदहरुले पनि यो सम्झौता गरिएकोमा मोदीलाई अभिनन्दन गरेका छन्। जानकार भारतीय बिश्लेषकहरु भन्दछन् – त्यसबाट प्रष्ट हुन आउँदछकि बिपक्षलाई जबाफ दिनका लागि सम्झौताको यस्तै गुणगान गाउने गरिन्छ। अहिले भारतमा मोदीको प्रसंशामा के पनि भनिन थालेको छभने केही दिनभित्रै मोदीले दुइटा ठूला ब्यापार सम्झौता गरेका छन्। पहिलो त यूरोपेली संघ(ईयू)सँग स्वतन्त्र ब्यापार सम्झौता अनि दोश्रो ट्रम्पसँगको यो पछिल्लो ब्यापार कर(ट्यारिफ) कमगर्ने सम्झौता। यद्यपि बिज्ञहरु यी दुइ सम्झौतामा ठूलो भिन्नता छ भनिरहेका छन्। अमेरिकाले ईयूलाई दबाब र उपेक्षा गरेकै कारण यतिबेला उसलाई भारतको आवश्यकता परेको कुरा बुझ्न सकिन्छ। वास्तवमा ट्रम्पले यूरोपेली देशहरुमाथि अनाबश्यक धम्की र दबाब दिइरहेका थिएभने भारतलाई पनि एउटा नयाँ ब्यापार सम्झौताको आवश्यकता परिरहेको थियो। त्यसै स्थितिमा यो ईयूसँगको ब्यापार सम्झौता भएको देखिन्छ। यद्यपि यो ब्यबहारमा के कसरी खरो उत्रेला र त्यसले के कस्तो असर पार्ला हेर्न बाँकी नै छ। यसको निमित्त समय लाग्ने छ।

तर अमेरिकासँग भारतले गरको यो पछिल्लो ब्यापार सम्झौताको असर भने तत्कालैदेखि पर्ने छ। कारण केभने यो सम्झौतबाट अमेरिकासँगको भारतको सम्वन्धमा मात्रै होइन भारतको रुस र ईरान जस्ता देशहरुसँगको भारतको सम्वन्धको कुरामा के कस्तो प्रभाव पर्ने हो ठूलो प्रश्न चिन्ह छ। ट्रम्पले दाबी गरेका छन् कि अब भारतलाई २५ प्रतिशतको साटो १८ प्रतिशत मात्र ब्यापार कर अर्थात ट्यारिफ लगाइनेछ तर भारतले भने शून्य ब्यापार कर लगाउने भनिएको छ। यसका अतिरिक्त ट्रम्पले के पनि दाबीगरेका छन्भने अब भारतले रुसी तेल खरिद गर्ने छैन। भारतले ५०० मिलियन डलर अर्थात झण्डै ४५.४७ लाख करोड भारतीय रुपैया बराबरको अमेरिकी सामान किन्ने छ। जस्तो किसिमले डोनाल्ड ट्रम्पले यस कुराको घोषणा गरे कि भारतले के गर्ने छ र के गर्ने छैन। त्यसबाट पनि प्रष्ट हुन्छकि यो केवल दुइ देशका बीचको ब्यापार सम्झौता मात्र होइन,बरु यो एक किसिमको दबाब, बिवशता र रणनीतिक परिबर्तन अन्तरगत गरिएको सम्झौता हो। हुन त भारतीय बिश्लेषकहरु मोदीले देशका बारेमा हुने गरिने महत्वपूर्ण निर्णयहरुका बारेमा खुलेर केही पनि बताउने गर्दैनन् तर पनि उनलाई प्रश्नगर्नु नै पर्ने हुन्छ कि के यो पछिल्लो सम्झौताका पछाडि 'एपस्टीन फाइल्स'हरुको खुलासा भएको कारण बनेको कुनै दबाब छ कि। किनभने यसमा नरेन्द्र मोदी, उनका मन्त्री हरदीप पुरी र ब्यापार कारोबारी अनिल अम्बानीको पनि नामा आएको छ। त्यस बारेमा मोदीको सफाई प्रस्तुतगर्नका लागि भारतीय बिदेश मन्त्रालयले बक्तब्य जारी गरेको छ कि अमेरिकी न्याय बिभागले जे जस्तो फाइल्स मार्फत खुलाशा गरेको छ त्यो आधारहीन छ। तर त्यसले हरदीप पुरी र अनिल अम्बानीकाबारेमा मौनता साधेको छ। यदि दुइजनाको कुनै पनि किसिमको सम्बन्ध जेफ्री एपस्टिनसँग थियोभ ने मोदीले ती दुबैसँगबाट आफुलाई भिन्न तुल्याउने कुरा किन गरेनन्भन्ने प्रश्न उठाइरहेका छन्। अर्को के पनि सन्देह गरिदैछ भने के यो सम्झौताको पछाि अमेरिकी अदालतबाट गौतम अडानीलाई प्राप्त भएको समनको कुरा त होइन भन्ने प्रश्न पनि उठेको छ।

अझ अर्को प्रश्न पनि के उठाइदैछ भने जब मोदीले यो सम्झौतालाई भारतको जित भनिरहेका छन् भने त्यसलाई उनले साबित गर्नैपर्दछ कि यदि भारतले अमेरिकाबाट ४५ लाख करोड भारतीय रुपैयाँ बराबरको सामान किन्छभने अमेरिकाले त्यसको साटोमा त्यतिनै मूल्य बराबरको या त्यो भन्दा बढी मूल्यको सामान भारतबाट किन्छ होला ? यदि त्यसो होइन भने यो सम्झौता भारतको जित कसरी हुनसक्छ ? त्यहाँ प्रश्न उठिरहेको छ। सोझै अमेरिकाले त भारतलाई १८ प्रतिशत ब्यापार कर लगाउने भनेकै छ। तर भारतको तर्फबाट जुन शून्य ब्यापार कर लाग्ने भनिएको त्यसबाट भारतको जित कसरी भयो। ट्रम्पले त ब्यापार करको राग अलाप्दै भारतसँगको ब्यापार घाटालाई ठूलो मुद्धा बनाएका थिए र भनेका पनि थिए कि यो ठीक होइन। उनले २५ प्रतिशत ब्यापार कर सँगै गएको बर्ष अगष्टदेखि भारतले रुसी तेल किनेकोमा दण्डकोरुपमा २५ प्रतिशत ब्यापार कर भारतमाथि लगाएका थिए। के त्यतिबेला मोदी ट्रम्पका महान नेता र प्रिय मित्र लागेका थिएनन् भन्ने प्रश्न पनि भारतीयहरुले उठाइरहेका छन्। स्पष्टै छ कि ट्रम्पले लगायएको ब्यापार कर(ट्यारिफ)का कारणले भारतको निर्यात ब्यापारमा निकै ठूलो कमी आएको थियो। गएको अगष्ट २०२५ मा भारतको अमेरिका निर्यात ६.८६ अर्ब डलर रहेको थियो। त्यो अक्टोबर महिनामा घटेर ३.६० अर्ब डलरमा झरेको थियो। फेरि बढेर त्यो ४.८४ अर्ब डलर पुगेको थियो। प्रष्ट छ, भारत लगातार घाटामा गइरहेको थियो। अहिले सम्म पनि त्यही स्थिति रहिरहेको अर्थबेत्ताहरु अर्थ्याइरहेका छन्। भारतलाई ट्रम्पले रुसको साटो भेनेजुएलाबाट तेल किन्न जबर्जस्त दबाब थोपरेको देखिन्छ। त्यसैले यतिबेला मोदीले भारतका सबैभन्दा पुरानो र परिक्षित मित्र रुसलाई हटाएर ट्रम्पका सामुमा घुँडा टेकेका हुन्भन्ने प्रश्न पनि भारतीय बिश्लेषकहरुले अहिले गर्नथालेका छन्। भारतले आफ्नै पहल र प्रयत्नमा भेनेजुएलासँग तेल किन्दथ्योभने त त्यहाँ प्रश्न गर्ने कुरै आउँदैनथ्यो। तर भेनेजुएलका राष्ट्रपति निकोलस मदुरो ट्रम्प प्रशासनको अतिक्रमण र अपहरणमा परेर अमेरिकी जेलमा थुनिएका छन्। यसले भारतलाई पनि पासो र दबाब पार्ने ट्रम्पले मनशाय पालेका छैनन् होला भन्न सकिन्न। अहिलेको यो पछिल्लो सम्झौतमा यद्यपि ईरानको बारेमा कुनै उल्लेख त गरिएको छैन। तर 'चाबहार' परियोजनाबाट भारत पछि हट्ने कुराले के खुलासा र सन्देह हुँदैछ भने भारतको बिदेश तथा अर्थनीति अब कतै ट्रम्पकै माया दयामा निर्भर रहन जाने त होइन ? यस सम्झौतामको खतरनाक कुरा के छ भने भारतीय कृषि क्षेत्र यसले अमेरिकालाई खोलिदिएको भन्ने ठूला चिन्ता देखिन्छ। अमेरिकी कृषि मन्त्री ब्रुक रोलिसले भनेको पनि छ कि अब अमेरिकाको कृषि उत्पादन भारतीय बजारमा बिक्ने छ। यसबाट अमेरिकाको ग्रामीण क्षेत्रमा पैसा आउने छ। अब भारतको ग्रामीण क्षेत्रको स्थिति के हुने होभन्ने प्रश्न खडा भएको छ। मजदुर क्षेत्रमा पहिला देखिनै चोट खाइरहेको भारतमा अब ग्रामीण कृषि क्षेत्रको भबिष्य पनि खतरामा पर्ने ठूलो सन्देह बढेका बस्तुबादी भारतीय अर्थबेत्ताहरु बताइरहेका छन्। **लेखकः नेकपाका संयोजक हुनुहुन्छ।**

# ब्रिटिश गोर्खाका समस्याप्रति सरकार उदासिन भएको आरोप




काठमाडौं। ब्रिटिश गोर्खाका समस्याप्रति सरकार उदासिन भएको आरोप लगाउन थालिएको छ। यसैक्रममा ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (विगेसो) ले काठमाडौंको संवाद डबलीमा एक हालै पत्रकार सम्मेलनको आयोजनागरी नेपाल सरकारका बिरुद्ध आन्दोलनको घोषणा गरेको छ। विगेसोले सर्बोच्च अदालतले गरेको निर्देशनात्मक आदेशलाई तीन बर्षसम्म पनि कार्यान्वयन नगरेपछि खबरदारी कार्यक्रमगर्न लागेको जनाएको छ। सर्बोच्च अदालतको निर्देशनात्मक आदेशको प्रकरण नं. २७ मा-यी समस्त सन्दर्भमासमेत रीट निवेदकले सन्धिको प्रभाव, संविधान प्रदत्त अधिकार र राष्ट्रको सम्मान तथा स्वाभीमानको विषय उठाएकोले यो विषयलाई सतर्कतापूर्वक हेर्न, नेपाल र संयुक्त अधिराज्य तथा यूरोपेली मानवअधिकार अदालतबाट भएका निर्णयहरु तथा अन्य संस्थागत प्रयासको विषयमा समेत विज्ञहरुबाट अध्ययन अनुसन्धान गराउन, सारेकारवालासँग छलफल चलाउन तथा नेपाल र संयुक्त अधिराज्यबीच रहेको ऐतिहासिक एवं विशिष्ट सम्बन्धमा प्रतिकूल असर नपर्ने बरु अझ मजबूत हुने किसिमबाट दुई राष्ट्रको हितमा गोर्खा सेनाको सेवा सुविधालाई समुचित, समयानुकूल र समानतामा आधारित अरु सम्मानजनक बनाउन आवश्यक र उचित कदम लिन विपक्षीहरुको ध्यानाकर्षण गराउनु भनी यो निर्देशाात्मक आदेश जारी गरिएको छ भनिएको छ। विगेसोका प्रमुख सल्लाहकार परि थापाले ब्रिटिस गोर्खा भूतपूर्व सैनिकहरुलाई बेलायत सरकारले भाडाका सैनिककारुपमा प्रयोग गरेकोले नेपाल सरकारले छिटोभन्दा छिटो पहल लिन माग गर्नुभएको छ। उहाँले सम्मानित सर्बोच्च अदालतलेसमेत गोर्खा सैनिकहरुको पक्षमा निर्देशनात्मक आदेश दिँदासमेत नेपालको सरकार तीन वर्षदेखि कानमा तेल हालेर बस्नु दुर्भाग्य हो भन्नुभयो। विगेसोका अध्यक्ष पदमसुन्दर लिम्बुले सर्बोच्च अदालतले नेपालीहरुलाई भाडाका सेना बनाउनबाट रोक्न दिएको सकारात्मक फैसलालाई सरकारले कार्यान्वयन नगरेकोले काठमाडौंमा प्रदर्शनगर्न बाध्य बनाएको बताउनु भएको छ। ०७९ माघ २४ गते विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको महत्वपूर्ण दिनकारुपमा मनाउँदै गत २४ गते माइतिघर मण्डलामा जम्माभएर नयाँ बनेश्वर चोक पुगेर पुनः माईतिघर मण्डलामा फर्किएर कोणसभा गरिएको पनि उहाँले जानकारी दिनुभएको छ। अध्यक्ष लिम्बूले पत्रकार सम्मेलनमा सन् १९४७ को असमान राष्ट्रघाती सन्धिको खारेजीकासाथै बेलायत, भारत, सिंगापुर र ब्रुनाईमा भोर्खा भर्तीका नाममा भइरहेको नेपाली नागरिकहरुमाथिको विभेद विरुद्ध राज्य उदासिन भएको बताउनुभएको थियो। विगेसोले ब्रिटिस गोर्खाहरुको न्यायका लागिमात्रै नलडेर राष्ट्रिय स्वाधीनताको पक्षमा लडिरहेको बताउँदै लिम्बुले बेलायती साम्राज्यवादले गोर्खाहरुलाई ब्रुनाई र सिंगापुरलगायतमा मानव तस्करी गरिहरेको छ, नेपाल सरकारले बुझ्नु पर्दैन ? भन्ने प्रश्न पनि गर्नुभएको थियो। बिगेसो सिंगापुर विभाग प्रमुख पलबहादर घर्तीले प्रेस विज्ञप्ति बाचनगर्दै बेलायतले सन् १९४७ सम्झौतालाई उल्लंघन गरेर गोर्खाहरुलाई ब्रुनाई, सिंगापुर लगायतका देशमा भडाका सैनिककारुपमा बेचेर मानब तस्करी गरिहरको बताउनु भएको थियो। सिंगापुर सरकारले विधवालाई पेन्सन तथा सेवा सुविधाबाट बञ्चित गरिरहेको, सैनिकहरुका बालबच्चहरुलाई **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## काउन्सिलले पत्रपत्रिकालाई सम्मान गर्ने

काठमाडौं। प्रेस काउन्सिल नेपालले निरन्तर ५० वर्षसम्म प्रकाशन भएका पत्रपत्रिकालाई 'प्रेस काउन्सिल सम्मान' प्रदानगर्ने भएको छ। धादिङको सल्यानटारमा गतसाता बसेको काउन्सिल बोर्ड बैठकले 'निरन्तर ५० वर्षसम्म प्रकाशन भएका पत्रपत्रिकालाई 'प्रेस काउन्सिल सम्मान' प्रदान गर्ने' निर्णय गरेको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। काउन्सिलद्वारा




प्रदान गरिने विभिन्न पुरस्कारलाई थप पारदर्शी र प्रभावकारी बनाउन पुरस्कारसम्बन्धी कार्यविधिमा सुधार/परिमार्जन गर्ने समेत उक्त बैठकले निर्णय गरेको छ। बैठकमा चालु आर्थिक वर्षको हालसम्मको कार्यक्रम, प्रगति तथा थप कार्यक्रमसहित निर्वाचन आचारसंहिता र आमसञ्चार क्षेत्रका समसामयिक विषयमा छलफल भएको विज्ञप्तिमा उल्लेख छ। निर्वाचन आचारसंहिता जागरण अभियान धादिङबाट शुरुगर्ने बैठकले निर्णयगरेको छ। पहिलोचरणमा सात प्रदेशका प्रमुख शहरमा 'निर्वाचन आचारसंहिता र मिडिया' विषयक कार्यक्रम सञ्चालनगर्ने तथा अनुगमनलाई थप प्रभावकारी बनाउने निर्णय भएको काउन्सिलले जनाएको छ। बोर्ड बैठकले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्नगर्न निर्वाचन आचारसंहिता पूर्णरुपमा कार्यान्वयन गर्न/गराउन सम्बन्धित सबैमा अपिलगर्ने निर्णय गरेको छ। विज्ञप्तिमा बैठकपश्चात् काउन्सिलले धादिङबेँशीमा विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधि, शैक्षिक एवं सामाजिक संघसंस्थाका प्रतिनिधि, पत्रकार तथा बुद्धिजीवीरुको सहभागितामा 'निर्वाचन आचारसंहिता र मिडिया' विषयक अन्तरक्रिया कार्यक्रम गरिएको उल्लेख छ।

## नियात्रा फकलीको गाउँ अंग्रेजी संस्करणमा

काठमाडौं। नियात्रा संग्रह फकलीको गाउँ अंग्रेजी संस्करणमा प्रकाशित भएको छ। साहित्यकार लेखनाथ पोखरेलल नेपालका ७० भन्दा बढी जिल्ला र विदशको केही ठाउँमा भ्रमणको सिलसिलामा देखेका, सुनेका, बुझेका र अनुभूत गरेका कुरालाई विषयवस्तु बनाएर पस्किएको कृति फकलीको गाउँको अंग्रेजी संस्करणमा गतसाताबाट पाठकमाझ आएको हो। यात्रा वृत्तान्तमा आधारित बिभिन्न शीर्षकमा दिएर २२ गुच्छाहरुको संगालोकारुपमा तयार पारिएको कृतिमा लेखकले विविध प्रसंगको संग्रह गर्नुभएको छ। कृतिमा 'ऐँसेलुखर्कको चिठ्ठा, मैले देखेको मधेस, लुइँचको शिकार, पशुपतिको टुँडाल, खार्पादेखि खार्पासम्म, लालबहादुर शास्त्रीसँगको भेट, अक्कुम आओ, बियरको पहिलो घुट्को, सिलाङ धुम्न जाँदा, मेरो पहिलो जागिर, ओलाङ्चुंगोलाको रोमाञ्चक यात्रा, ऐतिहासिक मिल्सएरिया, फकलीको गाउँ, ओडारका मान्छे, तमोरको खोच, इलामदेखि सिंगापुरसम्म, दुल्लु पुग्दा, नेपाल बन्द, वरुण उपत्यकादेखि बाह्रबिसेसम्म, रिडीको खाष्टो, हिमालपारिको जिल्ला जाँदा र मेलवर्न घुम्न जाँदाजस्ता शीर्षकमा लेखकले यात्रागर्दा देखेका, भोगेका, अनुभव गरेका र ऐतिहासिक तथ्य समाबेश गर्नुभएको छ। 'धरणीमा मेरो यात्रा'बाट शुरु गरिएको कृतिमा नागाल्याडको संस्कृति भुटान नरेशको प्रसंगमा पनि यसमा समेटिएको पाइन्छ। यस कृतिमा लेखकले उहाँका जीवनका बाल्यकालदेखि यौवनसम्मका स्मृतिहरु, विद्यार्थीकालका अनुभव र अनुभूति, जागिरे जीवनका भोगाइ र अवकाश प्राप्त जीवनका अनुभवहरु जस्ता चार कालखण्डलाई बढो रोचक, सन्देशमूलक, तथ्यपरक र ज्ञानबर्द्धकरुपमा प्रस्तुत गरिएको छ। लेखक पोखरेलले अत्यन्तै सरल भाषा र पठनीय शैलीमा ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, राजनीतिक र राष्ट्रियचेतले ओतप्रोतयुक्त यात्रा विवरणकारुपमा प्रस्तुत गर्नुभएको पाइन्छ। आफूले देखेका भोगेका अनुभूति र यात्रा विवरणलाई यस कृतिमा उतार्ने कोशिस गरेकोभन्दै लेखक पोखरेलले 'आफ्नो अतीतलाई उधार्ने र आफ्नो स्मृतिलाई तिखार्ने प्रयासपछि बितेका क्षणका अनगिन्ती कुराको स्मणको ठूलै संगालो आफूभित्र जम्मा हुन पुग्यो, ती सबै संस्मरणलाई लिपिबद्ध गर्ने जमर्कोले यो कृति तयार भएको बताउनु भएको छ। उहाँले अंग्रेजी संस्करणको पनि माग भएकोहुँदा यसै रुपमा पाठकमाझ आएको बताउनुभएको छ।

## वाशिंटन पोष्टका पत्रकारले जागिर गुमाउँदा

काठमाडौं। विश्वप्रसिद्ध अमेरिकी सञ्चारमाध्यम वाशिंटन पोष्टले एकैपटक ३०० भन्दा बढी पत्रकार र कर्मचारीलाई सेवाबाट हटाएको घटना बिश्वभर चर्चामा छ। अन्तराष्ट्रिय न्युज एजेन्सीहरुका अनुसार पत्रिकाको व्यवस्थापनले गतसाता बुधबार बिहान कर्मचारीहरुलाई एक स्टाफ कलमार्फत करिब ३० प्रतिशत जनशक्ति कटौती गरिएको जानकारी दिएको थियो। अमेजनका संस्थापक तथा विश्वका तेश्रो धनी व्यक्तिसमेत रहेका जेफ बेजोसको स्वामित्वमा रहेको यो अखबारले आर्थिक संकट र घट्दो पाठक संख्यालाई कारण देखाउँदै यस्तो कदम चालेको जनाएको छ। कार्यकारी सम्पादक म्याट मरेले यो अत्यन्तै पीडादायी र कठीन दिन हो। हाम्रो मोडललाई समयसापेक्ष परिवर्तनगर्न नसक्दा यस्तो अप्रिय निर्णय लिनुपरेको हो भन्नुभएको थियो। खेलकुद र पुस्तक विभाग बन्द पुनर्संरचनाका नाममा पोष्टले आफ्नो खेलकुद विभाग (स्पोर्ट्स डेस्क) र पुस्तक खण्ड (बुक्स सेक्सन) पूर्णरुपमा बन्द गरेको कोलम्बिया जर्नलिजम् रिभ्यूले लेखेको छ। त्यसैगरी पत्रिकाको पडकाष्ट पोष्ट रिपोर्ट्स पनि स्थगित गरिएको छ। खेलकुद विभागका केही पत्रकारलाई फिचर डेस्कमा सारिए पनि अधिकांशले जागिर गुमाएका छन्। अन्तर्राष्ट्रिय ब्युरोमासमेत पत्रकारहरुको कटौती गरिएको छ। भारत, खाडी क्षेत्र, अष्ट्रेलिया र युक्रेनमा कार्यरत ब्युरो प्रमुख र संवाददाताहरुलाई हटाइएको छ। युक्रेन ब्युरो प्रमुख सियोभान ओ ग्रेडी र संवाददाता लिजी जोन्सन पनि हटाइएका पत्रकारहरुको सूचीमा छन्। बेजोसको निर्णय र ग्राहकको पलायन केही **बाँकी ७ पेजमा**

# नेपालमा राष्ट्रिय पूँजी वृद्धिगर्न देखिएका चुनौतीहरु

डा. नरविक्रम थापा

## आर्थिक मञ्च

राष्ट्रिय पूँजी, व्यापक आर्थिक अर्थमा, उत्पादित पूँजी (पूर्वाधार, मेसिनरी), प्राकृतिक पूँजी (प्राकृतिक श्रोत, भूमि) मानवपूँजी (सीप, शिक्षा) र सामाजिकपूँजी सहित देशको सम्पत्तिको कुल भण्डारको प्रतिनिधित्व गर्दछ। नेपालको सन्दर्भमा, पूर्वाधार, मानव संसाधन र श्रोतको दिगो दोहनमा ध्यान केन्द्रितगर्न आवश्यक पर्नेगरी सन् २०२६ सम्ममा अल्पविकसित देशबाट विकासशील राष्ट्रमा रुपान्तरणगर्न राष्ट्रिय पूँजी बढाउनु महत्वपूर्ण छ। तर अहिलेको बजार अर्थतन्त्रमा आधारित अर्थतन्त्र र भूमण्डलिकरणका कारण विश्वको अर्थतन्त्र शक्तिशाली राष्ट्र र वहुराष्ट्रिय कम्पनीहरुसँग साना तथा कमजोर राष्ट्रले प्रतिष्पर्धागर्नु निकै चुनौतीपूर्ण अवस्था रहेको देखिन्छ। यसको लागि दृढ राजनीतिक प्रतिवद्धता र आर्थिक तथा सामाजिकपुर्नसंरचनाको आवश्यक्ता पर्दछ। उदारीकरण र विनालगामको बजार अर्थतन्त्रले सामाजिक समानता र सामाजिक न्यायपूर्ण समाज सिर्जना हुन सक्दैन। विश्वमा गरिब र धनिकाबीचमा रहेको खाडल दिन प्रतिदिन कहालीलाग्दो रुपमा बढीरहेको छ। अब यस बारेमा केही विवेचना गरौं :

**गरिबीको चित्र :** सन् २०२५ को डिसेम्बर १०, मा प्रकाशित विश्वव्यापी असमानताबारेको एक प्रतिवेदनले मानव समाजको सबैभन्दा धनी सानो वर्ग र बाँकी जनसंख्याबीचको खाडल यस वर्ष पनि अझै फराकिलो हुँदैगएको देखाएको छ। प्रतिवेदनअनुसार शीर्ष ०.००१ प्रतिशत (६० हजारभन्दा कम अरबपतिहरुसँग) विश्वको सबैभन्दा गरिब आधा जनसंख्याको संयुक्त सम्पत्तिभन्दा तीन गुणा बढी सम्पत्ति छ। विश्वव्यापी आय असमानता यति भयावह स्तरमा पुगेको छ र यसको अर्थतन्त्र तथा लोकतान्त्रिक संस्थामाथिको असर विनाशकारी बन्दैगएको छ। प्रतिवेदनमा औंल्याइएको छ -असमानता लामो समयदेखि विश्व अर्थतन्त्रको एक परिभाषात्मक विशेषता रहँदै आएको छ, तर सन् २०२५ सम्म आइपुग्दा यो तत्काल ध्यान दिनैपर्ने स्तरमा पुगेको छ। वैश्वीकरण र आर्थिक वृद्धिका लाभहरु अत्यन्तै सानो अल्पसंख्यकमा असमानरुपमा केन्द्रित भएका छन्, जबकि विश्वको ठूलो हिस्सा अझै स्थिर जीविकोपार्जन हाशिलगर्न संघर्षरत छ। यीविभाजनहरु अपरिहार्य होइनन्यी राजनीतिक र संस्थागत छनोटहरुको परिणाम हुन्। यी अवस्थाहरुले इतिहासको विरासत र संस्थागत संरचना, नियम तथा नीतिहरुको कार्य प्रणालीलाई प्रतिबिम्बित गर्छन्। जसका सबै पक्ष असमान शक्ति सम्बन्धसँग जोडिएका छन्, र ती सम्बन्धहरुअझै पुनःसन्तुलित हुन बाँकी छन्।

**अर्थराजनीतिक अवस्था :** कुल जनसंख्याको २०.२७ प्रतिशतनागरिक गरिबीको रेखामुनि रहेको नेपालमा पालिकातहसम्म पुग्दा चरम असमानता देखिएको छ/। स्थानीय तहमा गरिबीको दर १.१८ देखि ७७.८९ प्रतिशतसम्म रहेको राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको गरिबीको लघुक्षेत्र अनुमान- ०८२ को प्रतिवेदनमा उल्लेख छ/। सहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन्/। नेपालको दिगो विकासको लक्ष्य हाशिलगर्न गुणात्मक आर्थिक वृद्धिदरको आवश्यक्ता छ। यसका लागि कृषि क्षेत्र र औद्योगिक उत्पादनमा वृद्धि आवश्यक हुन्छ। विप्रेषण नहुने होभने गरिबीको दुष्चक्र झन् व्यापक भएर जाने खतरा रहेकाकारण आयलाई विविधीकरणगर्न अत्यन्त आवश्यक छ। राजनीतिक संक्रमण, प्राकृतिक विपद् तथा महामारीले समेत नेपालको आर्थिक वृद्धिलाई प्रभाव पार्नेगरेका छन्। आर्थिक वृद्धिका लागि राजनीतिक र नीतिगत स्थिरता आवश्यक हुन्छ। त्यसैगरी सरकार, राजनीतिज्ञ, प्रशासन, निजी क्षेत्र, समुदाय हरेक क्षेत्रको विकासको साधक हुनुपर्छ, बाधक होइन। गरिबी घटाउनका लागि राज्यलेछिटो प्रतिफल दिनसक्ने पूर्वाधारमै व्यापक लगानीगर्नु पर्छ र यसलाई ग्रामीण अर्थतन्त्रसँग जोड्नु पर्छ। यसको लागि कृषिको मूल्य अभिवृद्धिमा आधारित व्यवसायिकीकरण, लघु उद्योग, पर्यटन आदिसंग तालमेल गर्नुपर्ने हुन्छ।

**पूँजी बढाउने मुख्य श्रोत :**

१. सार्वजनिक पूँजी खर्च : पूर्वाधार परियोजनाहरु (सडक, जलविद्युत र पुलहरु) कालागि बजेटको विनियोजन प्राथमिक चालक हो।

२. प्रत्यक्ष विदेशी लगानी (एफडीआई)- अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने, विशेषगरी जलविद्युत र उत्पादनमा। नेपालले विदेशी लगानी बढाउन विदेशी लगानीकर्ताको विश्वास जित्नैपर्छ। स्थिरता, पारदर्शिता र लगानीमैत्री वातावरणबाट मात्र नेपाल आर्थिक उन्नतितर्फ अघिबढ्न सक्छ।

३.विप्रेषण परिचालनः नेपाली आप्रवासी कामदारहरुबाट आएको रेमिट्यान्सको उच्च मात्रालाई उपभोगको सट्टा उत्पादक लगानीमा प्रवाहगर्ने।

४.प्राकृतिक श्रोतको उपयोगः जलविद्युत, पर्यटन र कृषिको लाभ उठाउन।

५.निजी क्षेत्रको लगानी : औद्योगिक विकासमा सार्वजनिक-निजी साझेदारी (पिपिपी) बढाउँदै लैजाने।

६. विकास सहायता/अनुदानः पूँजी निर्माणका लागि विदेशी सहयोगको उपयोग गर्ने।

**रणनीति :** सन् २०२६ को डिसेम्बरसम्ममा विकासोन्मुख राष्ट्रको हैसियतमा स्तरोन्नतिगर्ने तयारी गर्दैगर्दा, १६ औं योजनाले विशिष्ट रणनीतिहरुमा जोड दिएको पाइन्छ। जसमा जलविद्युत र नवीकरणीय ऊर्जालाई बढावाः आय उत्पन्नगर्न र ऊर्जा निर्यातलाई सहज बनाउन जलविद्युत परियोजनाहरुको विकास गर्ने। मानव पूँजीमा लगानीः आन्तरिक र बाह्यश्रम बजारको मागअनुसार मूल्यश्रृंखलालाई अगाडि बढाउनका लागि कौशल विकास गर्ने। एफडीआई नियामक ढाँचालाई सुदृढ पार्नेःविदेशी पूँजी आकर्षितगर्न लगानी सीमा घटाउने जस्ता एफडीआई प्रक्रियाहरु सरल पार्नुपर्ने देखिन्छ। कृषिको आधुनिकीकरणः ग्रामीण पूँजीलाई बढावा दिन सिँचाइ, प्रविधि र व्यावसायिक खेतीमा लगानीगर्ने। डिजिटल पूर्वाधार वृद्धिः डिजिटल अर्थतन्त्रलाई बढावा दिन दूरसञ्चारको विस्तार र डिजिटल प्रविधि अपनाउने। पर्यटन पूर्वाधारको सुधारः पर्यटन राजस्व बढाउन हवाई सम्पर्क र पर्यटक सुविधाहरुमा सुधार गर्ने।

**मुख्य रणनीतिहरु**

**१. प्रभावकारी पूँजीखर्चः** यो सुनिश्चितगर्न कि स्वीकृत पूँजी बजेट पूर्ण रुपमा कम पूँजी खर्चबाट बच्नको लागि प्रयोग गरिएको छ, जुन एक पुरानो मुद्धा भएको छ (मध्यजनवरी २०२६ सम्ममामात्र ११.६६% खर्चभयो)।

**२. परियोजना व्यवस्थापन सुधार :** राजनीतिकरुपमा सञ्चालित परियोजनाहरु रोक्न र उचित सम्भाव्यताअध्ययन, भूमि अधिग्रहण, र वातावरणीय स्वीकृति सुनिश्चित गर्न राष्ट्रिय परियोजना बैंकको सुधारहुन आवश्यक देखिन्छ।

**३. एनआरएनलगानीलाई प्रोत्साहन :** राष्ट्रिय विकासमा लगानीगर्न गैरआवासीय नेपालीका लागि सुरक्षित वातावरण सिर्जनागर्ने।

**४. वित्तीय साक्षरता र पूँजी बजारमा सुधार :** लगानीकर्ताको विश्वास बढाउन र बजारमावास्तविक क्षेत्रकाकम्पनीहरुको सहभागिता बढाउन प्रतिभूति विनिमय बोर्ड (सेबो) लाई सुदृढ पार्दै लानु पर्ने देखिन्छ।

**५.निर्यातउन्मुख उद्योगहरुको विकास :** चिया, कफी र औषधीय जडिबुटीजस्ता तुलनात्मक लाभ भएका उत्पादनहरुमा ध्यान केन्द्रितगर्ने।

**नेपालमा राष्ट्रिय पूँजी बढाउँन चुनौती :**

**कमजोर पूँजीगत खर्च :** पूँजीगत बजेटको दीर्घकालीन कम उपयोग हुनेगरेको तथ्य सबै सामु छर्लङ्ग छ। प्रायःकूल बजेटको २० प्रतिशत् भन्दाकम पूँजीगत खर्च विनियोजन गरेको पाइन्छ। त्यो पनि समयमै खर्च हुन नसक्दा विकासका काममा ढिलासुस्ती हुने गरेको छ।

**अकुशल परियोजना कार्यान्वयन :** भूमि अधिग्रहणमा ढिलाइ, रुख काट्ने अनुमति, र ब्युरोक्रेटिक रेड टेप आदिकारणले विकास परियोजनाहरु समयमै कार्यन्वयनहुन सक्दैनन्।

**उच्च प्रशासनिक खर्च :** बजेटको ठूलो हिस्सा प्रशासन सञ्चालन कार्यमा खर्च हुन्छ, विकासका लागि कम बाँकी रहन्छ।

**भौगोलिक र पूर्वाधार बाधाहरु :** भूपरिवेष्टित रहेको स्थान र कठीन पहाडी भूभागले पूर्वाधार लागत बढाउँछभने परियोजना समयमै सम्पन्नगर्न समस्याभोग्दै आएको पाइन्छ।

**व्यापार प्राथमिकताहरु गुमाउने :** सन् २०२६ पछि, एलडीसी स्थितिबाट स्नातकले व्यापार प्राथमिकताहरु र विदेशी सहायतामा कमील्याउने छ।

**राजनीतिक अस्थिरता र कमजोर शासन :** असङ्गत नीतिहरुले दीर्घकालीन लगानीलाई रोक्छन्। प्रायः राजनीतिक खिचातानी, आन्दोलन, विध्वस, बन्द हडताल आदि कारणहरुले गर्दा समयमै विकास परियोजना कार्यन्वयन, प्रभावकारी अनुगमन र सम्पन्न हुननसक्ने भएकाले तीन गुणा लागतपनि बढ्न जानेगरेको पाइन्छ।

**निष्कर्ष :** नेपालको राष्ट्रिय पूँजीको विकास गरीवि कासोन्मुख राष्ट्रमा स्तरोन्नतिगर्न आवश्यक छ। देशमा जलविद्युत, पर्यटन र मानव संसाधनमा उल्लेखनीय सम्भावना छ। तर सफलता पूँजीगत बजेटको उपयोग सुधारगर्न, प्रत्यक्ष वैदेशिक लगानीका लागि अनुकूल वातावरणलाई **बाँकी ७ पेजमा**

# भ्रष्टाचारका बिरुद्ध अख्तियारले गतसाता गरेका तीन कारवाहीहरु

काठमाडौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गतसाता बिभिन्न कारवाही गरेको छ। जसमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडका तत्कालीन महाप्रबन्धकसहित आठजना उच्चपदस्थ कर्मचारी विरुद्ध गरेको कारवाही बिशेष चर्चाका रहेको छ। सो संस्थामा ठूलो मात्राको क्लिंकर हिनामिना भएको प्रकरणमा भ्रष्टाचार मुद्धा दायरगरेको छ। आयोगले आब ०७४/७५ देखि ०७७ साल पुस मसान्तसम्म योजनाबद्धरुपमा सार्वजनिक सम्पत्ति दुरुपयोग तथा क्लिंकर हिनामिना गरिएको पुष्टिभएकाले मुद्धादायर गरिएको जनाएको छ। आयोगले तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेल, निमित्त महाप्रबन्धक नवलकिशोर साह, नायब महाप्रबन्धक महेशप्रसाद काफ्ले, उत्पादन महाशाखा प्रमुख सञ्जयकुमार लाल, भण्डार महाशाखा प्रमुख महेशप्रसाद साह, क्लिंकर उत्पादन विभाग प्रमुख रवीचन्द्र पौडेल, सिमेन्ट उत्पादन विभाग प्रमुख हरिप्रसाद अधिकारी तथा बिक्री विभाग प्रमुख रामबहादुर जिसीविरुद्ध मुद्धा दायर गरेको हो। आयोगले दायर गरेको मुद्धाअनुसार तत्कालीन महाप्रबन्धक पौडेलविरुद्ध १२ करोड ४४ लाख २२ हजार २४२ र नायब महाप्रबन्धक काफ्लेविरुद्ध १२ करोड ६३ लाख ६९ हजार १६८ बराबरको बिगो हिनामिनाको दाबीसहित मुद्धापरेको छ। त्यसैगरी निमित्त महाप्रबन्धक साहसहितका अरु व्यक्तिविरुद्ध ४६ करोड ५२ लाख ७४ हजार ४२६ बराबरको बिगो दाबीसहित मुद्धा दायर गरेको हो। आपसी मिलेमतो र योजनाबद्ध बदनियतकासाथ आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिको दुरुपयोगगरी उद्योगलाई गम्भीर आर्थिक क्षति पुऱ्याएको अख्तियारद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। आयोगले उनीहरु विरुद्ध भ्रष्टाचार निवारण ऐन-०५९ को दफा १७ बमोजिम कसुर कायमगरी बिगो असुल तथा कैद र जरिवानाको मागदाबी लिएको छ। अख्तियारले अनुसन्धानका क्रममा क्लिंकरको वार्षिक मौज्दात अभिलेख, भौतिक परीक्षण प्रतिवेदन, महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको छानबिन प्रतिवेदनलाई आधार बनाइएको जनाएको छ। ती कागजातअनुसार उद्योगले कागजमा देखाएको मौज्दात र वास्तविक भौतिक मौज्दातबीच अस्वाभाविक र ठूलो अन्तर देखिएको उल्लेख छ। विज्ञप्तिअनुसार आब ०७४/७५ मा उद्योगको वार्षिक मौज्दात विवरणमा ३३ हजार ९१४ मेट्रिकटन क्लिंकर रहेको उल्लेख गरिएको थियो। तर ०७५ असोज १२ गते गरिएको भौतिक परीक्षणबाट ३२ हजार ७८५ मेट्रिकटनमात्र क्लिंकर मौज्दात रहेको पाइएको थियो। यसरी एकहजार १२९ मेट्रिकटन क्लिंकर घटी देखिएको र त्यसको लागत मूल्य एक करोड १४ लाख १० हजार ३४० भन्दाबढी रहेको अख्तियारको निष्कर्ष छ। त्यसैगरी आब ०७५/७६ मा कागजी अभिलेखअनुसार ४४ हजार ४९५ मेट्रिकटन क्लिंकर मौज्दात देखाइए पनि भौतिक परीक्षणमा ३४ हजार २९५ मेट्रिकटनमात्र फेलापरेको छ। यसबर्ष मात्र १० हजार २०० मेट्रिकटन क्लिंकर हिनामिना भएको र यसको लागत मूल्य ११ करोड ३३ लाख ११ हजार ९०२ रुपैयाँ पुगेको अख्तियारले जनाएको छ। आब ०७६/०७७ मा पनि त्यस्तै अनियमितता दोहोरिएको देखिएको जनाइएको छ। सो बर्ष मौज्दात विवरणमा ५० हजार ९७५ मेट्रिकटन क्लिंकर देखाइए पनि भौतिक परीक्षणमा ३९ हजार ४५० मेट्रिकटन मात्र भेटिएको थियो। यसमध्ये अघिल्लो बर्षका हिसाब कटाएर हेर्दा सोबर्ष मात्र एकहजार ३२५ मेट्रिकटन क्लिंकर हिनामिना भएको र यसको लागत मूल्य एक करोड ६२ लाख ४६ हजार ७१२ भन्दा बढी रहेको अख्तियारको ठहर छ। ०७७ साउन एक गतेदेखि पुस मसान्तसम्मको अवधिमाभने अनियमितता झनै गम्भीर देखिएको छ। उक्त अवधिको मौज्दात विवरणमा ५५ हजार ३८५ मेट्रिकटन क्लिंकर देखाइए पनि ०७७ माघ १३ गते गरिएको भौतिक परीक्षणमा १७ हजार ७४५ मेट्रिकटन क्लिंकरमात्र मौज्दात रहेको पाइएको थियो। यसरी सो अवधिमामात्र २६ हजार ११५ मेट्रिकटन क्लिंकर घटी देखिएको र यसको लागत मूल्य ३२ करोड ४३ लाखभन्दा बढी रहेको अख्तियारले जनाएको छ। उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समितिद्वारा गठित उपसमितिले ०७८ फागुन एकगते पेशगरेको प्रतिवेदन तथा महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनले समेत ३७ हजार ६४० मेट्रिकटन क्लिंकर हिनामिना भएको औंल्याएको थियो। उक्त प्रतिवेदनमा उद्योगका तत्कालीन महाप्रबन्धकले प्रचलित कानून अनुसार आफ्नो कर्तव्य **बाँकी ७ पेजमा**

## समाचार विविध

# समुन्द्रपार सामान ढुवानीमा समस्या

काठमाडौं। समुन्द्रपार सामान ढुवानीमा समस्या देखिएको छ। नेपाल समुन्द्रपार निकाशी पैठारी संघले केही महिनायता नेपालका लागि आयातित सामान ढुवानीमा देखापरेको समस्या समाधानका लागि आग्रह गरेपछि उपरोक्त रहस्य खुलेको हो। संघको प्रतिनिधिमण्डलले वाणिज्य सचिव डा रामप्रसाद घिमिरेलाई उहाँकै कार्यकक्षमा भेटेर वाणिज्यसँग निजी क्षेत्रको चासोका विषयमा ध्यानाकर्षण गराएको हो। संघका अध्यक्ष शिवकुमार अग्रवालले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलमा महासचिव जयन्त अग्रवाल, सचिव विष्णुकुमार जोशी र कार्यसमिति सदस्यहरु मयंक केडिया र आकाश गोल्छा सहभागी हुनुहुन्थ्यो। संघका महासचिव जयन्तकुमार अग्रवालका अनुसार केही महिनायता नेपालका लागि आयातित सामान भारतीय भूमिमा ढुवानीगर्दा विलम्ब भइरहेको जानकारी गराउँदै नेपाली सामान ढुवानीका लागि थप रेल उपलब्ध गराउने पहल गरिदिन सचिव घिमिरेलाई आग्रह गरिएको छ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझाव बमोजिम भारतीय र नेपाली बजारमा वस्तुको मूल्यमा फराकिलो अन्तर नहुनेगरी भन्सार महसुल र अन्य करका दरहरु समायोजनगरी ग्रेमार्केट नियन्त्रण गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ। तेश्रो मुलुकमा निर्मित मेशिन औजारका पार्टपुर्जा भारतबाट आयातगर्न पाउने व्यवस्थाका लागि नेपाल-भारत वाणिज्य सन्धिको प्रोटोकल संशोधनका लागि पहल गर्न पनि संघले आग्रह गरेको छ। पछिल्लो समय सरकारले स्थगित गरेको निर्यातको नगद अनुदान अविलम्ब सञ्चालनगर्न पनि संघले माग गरेको छ। त्यसैगरी एजेन्सी ऐनका कठीन प्रावधान संशोधनगर्न जोड दिएको संघले फर्म नवीकरणमा एकद्वार नीतिको आबश्यकता औंल्याएको छ। सरकारी निकायमा एकठाउँमा कागजात पेश गरिसकेको अवस्थामा ती कागजात आबश्यकपर्दा जुनसुकै सरकारी निकायले अनलाइनबाटै प्राप्तगर्न सक्ने प्रणाली विकास प्रक्रिया सरलीकरणगर्न पनि संघले माग गरेको छ। अधिकतम खुद्रा मूल्यको विषयमा विद्यमान द्विविधा हटाउन आग्रह गरेको संघले प्रत्येक फर्मले वार्षिक कारोबारको फाँटबारी वाणिज्य विभागमा पेश गर्नुपर्ने प्राइभेट फर्म रजिष्ट्रेसन नियमावलीको प्रावधानले व्यवसायको लागत बढाउने र झन्झट थप्ने काममात्र गरिरहेको गुनासो गरेको छ। संघले खुला बजार अर्थतन्त्रको मान्यताविपरीत सामान्य जनजीवनका आबश्यक वस्तु आयातमा प्रतिबन्ध नलगाउन आग्रह गरेको छ। आयातमा प्रतिबन्ध लगाइएका वस्तुहरु सीमा नाकाका छिद्रमार्फत अनधिकृत रुपमा आयातभई बजारमा खुलेआम बिक्री हुनेहुँदा यसबाट राजस्व गुम्ने, वैधानिक व्यापार रोकिने र अनधिकृत व्यापार फस्टाउने संघको तर्क छ। सरकारले नगदमा कारोबारगर्न पाउने सीमा रु १० लाखबाट घटाएर पाँच लाख कायम गरेकोमा पनि संघले असन्तुष्टि जनाएको छ। जवाफमा सचिव घिमिरेले बिभिन्न वस्तुमा आयातमा कायम प्रतिबन्धबारे अध्ययनगरी सुझाव पेशगर्न आफूले समिति गठन गरिसकेको जानकारी गराउँदै संघले उठाएका विषयहरुलाई सम्बोधनगर्न आफ्नोतर्फबाट सक्दो पहलगर्ने आश्वासन दिनुभएको थियो।

# फागुन ३० मा एनआरएनएको सम्मेलन हुने

काठमाडौं। गैरआबासीय नेपाली संघ (एनआरएनए) को १२ औं सम्मेलन आगामी फागुन ३० मा हुनेभएको छ। महाधिवेशनको तयारीबारे जानकारी दिन हालै आयोजित पत्रकार सम्मेलनपछि जारी संयुक्त विज्ञप्तिमा महाधिवेशन आगामी फागुन ३० देखि चैत दुई गतेसम्म सम्मेलन तयभएको जनाइएको छ। विज्ञप्तिमा संघको १० औं र ११ औं महाधिवेशनपछि संस्थाभित्र देखिएका संगठनात्मक जटिलताहरुलाई आत्मसमीक्षा, संवाद र सहकार्यको बलमा चरणबद्धरुपमा सम्बोधनगर्दै अन्ततः सन् २०२५ नोभेम्बर ३० मा प्रधानमन्त्री सुशीला कार्कीको रोहवरमा परराष्ट्र मन्त्रालयका प्रतिनिधिसहितको उपस्थितिमा गैरआबासीय नेपाली संघभित्र ऐतिहासिक तथा बृहत् एकता सम्पन्न भएको तथ्य विदितै छ। यो उपलब्धिले संघको एकता, स्थायित्व र भावी यात्राप्रतिको सामूहिक प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ भनिएको छ। हाम्रो एकता, समृद्धिको आधार' नाराका साथ हुने उक्त सम्मेलन आयोजनाका लागि परराष्ट्र मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय आयोजक समिति गठन भइसकेको र समितिको सचिवालयका रुपमा संघको सचिवालयले काम शुरुगरेको जानकारी दिइएको थियो। नेपालीका लागि नेपाली भन्ने नाराकासाथ सन् २००३ मा शुरु भएको गैरआबासीय नेपाली अभियान विश्वभर रहेका नेपालीलाई एकैसुत्रमा बाँध्ने उद्देश्यकासाथ अघिबढिरहेको पनि जनाइएको छ।

# वित्तीय स्थितिबारे सार्बजनिक जानकारी

काठमाडौं। वित्तीय स्थितिबारे सार्बजनिक जानकारी गराइएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको छमहिना (पुस मसान्तसम्म) को तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार समग्र आर्थिक सूचकहरु सन्तोषजनक रहेको भनिएको छ। सो प्रतिवेदनअनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति २.४२ प्रतिशतमा सीमित रहेको छ। यस अवधिमा कूल विदेशी विनिमय सञ्चिति ३२ खर्ब ४२ अर्ब ४५ करोड पुगेको छ। जुन अमेरिकी डलरमा २२ अर्ब १७ करोड बराबर हो। यस्तो सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ। समीक्षा अवधिमा चालु खाता चार खर्ब २९ अर्ब ९१ करोड र शोधनान्तर पाँचखर्ब एकअर्ब २४ करोड बचतमा रहेको छ। विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३९.१ प्रतिशत र अमेरिकी डलरमा ३२.३ प्रतिशतले वृद्धिभएको पाइन्छ। ब्याजदरतर्फ बैंक तथा वित्तीय संस्थाहरुबीचको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत रहेको छभने ९१ दिन अवधिको ट्रेजरी बिलको भारित औसत ब्याजदर २.३५ प्रतिशत कायम भएको छ। वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ३.५६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ७.१२ प्रतिशत रहेको राष्ट्रबैंकले जनाएको छ। चालु आबको गत पुस महिनामामात्रै एकखर्ब ९२ अर्ब ६२ करोड बराबरको विप्रेषण नेपाल भित्रिएको छ। विदेश व्यापारतर्फ निर्यात ४३.८ प्रतिशतले वृद्धि भएको छभने आयात १४.२ प्रतिशतले बढेको छ। यसैबीच नेपाल सरकारको कूल खर्च ६९० अर्ब २२ करोड र राजस्व परिचालन ५७७ अर्ब ४० करोड पुगेको छ। मौद्रिक सूचकतर्फ विस्तृत मुद्राप्रदाय समीक्षा अवधिमा ५.४ प्रतिशतले बढेको छभने वार्षिक विन्दुगत आधारमा १४.२ प्रतिशतको वृद्धि देखिएको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ५.७ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशतले बढेको छ। वार्षिक आधारमा निक्षेपको वृद्धिदर १४.८ प्रतिशत र कर्जाको वृद्धिदर ६.७ प्रतिशत रहेको भनिएको छ।

## भ्रष्टाचारका...

पूरानगरेको र सम्पूर्ण जिम्मेवारी उनीहरुले लिनुपर्ने उल्लेख गरिएको थियो। त्यसै आधारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको छुट्टै छानबिनबाट पनि ०७४ साउनदेखि ०७७ पौष मसान्तसम्म क्लिंकर उत्पादन, खपत र मौज्दातको अनुपात असामान्य देखिएको निष्कर्ष निकालिएको थियो। यी सबै तथ्य र प्रमाणका आधारमा अख्तियारले प्रतिवादीहरुले सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा मास्ने कार्य गरेको ठहरगर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको बताइएको छ। त्यसैगरी प्रादेशिक अस्पताल सिरहामा बिरामीबाट संकलन भएको रकममध्ये ३८ लाख ७७ हजार ७२४ सरकारी खातामा जम्मानगरी आपसी मिलेमतोमा भ्रष्टाचार गरेको अभियोगमा आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। अस्पतालको ओपिडीलगायत बिभिन्न काउन्टरबाट संकलन भएको राजस्व रकम सरकारी ढुकुटीमा दाखिला नगरी कर्मचारीहरुले व्यक्तिगत प्रयोगमा ल्याएको अनुसन्धानबाट पुष्टिभएपछि आयोगले दुई पूर्वअस्पताल प्रमुखसहित १० जनाविरुद्ध मुद्दा चलाएको हो। अख्तियारकाअनुसार आर्थिक वर्ष ०८०/०८१ मा अस्पतालका आठवटा बिल काउन्टरबाट कूल तीनकरोड ८७ लाख ६६ हजार ९७४ संकलन भएको सफ्टवेयरमा देखिएको थियो तर, अस्पतालको आधिकारिक अभिलेखमा भने तीनकरोड ४८ लाख ८९ हजार २५० मात्र दाखिला भएको पाइयो। सफ्टवेयरमा देखिएको र बैंकमा जम्मा गरिएको रकमबीचको ३८ लाख ७७ हजार ७२४ कर्मचारीहरुले बदनियतपूर्वक हिनामिना गरेको आयोगले जनाएको छ। अस्पतालका तत्कालीन प्रमुखहरु डा नागेन्द्रप्रसाद यादव र डा सरोज यादवले सफ्टवेयरमार्फत दैनिक आम्दानीको विवरण हेर्नसक्ने अधिकार भएपनि रकम कम जम्माभएको जानकारी हुँदाहुँदै मौनबसेर अन्य कर्मचारीलाई भ्रष्टाचारमा सघाएको अख्तियारको दाबी छ। यस प्रकरणमा आयोगले अस्पतालका तत्कालीन प्रमुखद्वय डा नागेन्द्र र डा सरोज, तत्कालीन प्रशासन प्रमुख अशोककुमार सिंह र तत्कालीन लेखा प्रमुख अशोककुमार यादवलाई जनही ३८ लाख ७७ हजार ७२४ बिगो कायमगरी विपक्षी बनाएको छ। त्यस्तै बिल काउन्टरमा कार्यरत अ.हे.ब. श्यामकुमार मण्डललाई २५ लाख ४७ हजार ४१७, सहायक कर्मचारीहरु सरस्वतीकुमारी यादवलाई पाँचलाख दुई हजार ८१३, अजयकुमार मण्डललाई तीनलाख ७९ हजार २१, पूजाकुमारी यादवलाई दुईलाख ८८ हजार २२९ र रोशनकुमार यादवलाई एकलाख ६४ हजार ६५९ बिगो कायमगरी मुद्दादायर गरिएको छ। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार यस भ्रष्टाचार प्रकरणमा संलग्न तत्कालीन लेखा प्रमुख रत्नप्रसाद मण्डलको मृत्यु भइसकेको भए पनि सरकारी बिगो असुलगर्ने प्रयोजनका लागि उनकी श्रीमती मुस्कानकुमारी मण्डललाई प्रतिवादी बनाइएको छ। मृतक मण्डलको हकमा फौजदारी कसुरको कैदसजाय मागदाबी लिननमिल्ने भए तापनि भ्रष्टाचार निवारण ऐन र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाअनुसार हानिनोक्सानी भएको ३८ लाख ७७ हजार ७२४ उनको हक खाने श्रीमतीबाट असुलगर्न माग गरिएको थाहा भएको छ। त्यसैगरी आयोगले त्रिभुवन विमानस्थल भन्सार कार्यालयको वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत भन्सार अधिकृत इन्द्र न्यौपानेसहित तीनजनालाई नियन्त्रणमा लिएको छ। अर्थ मन्त्रालयअन्तर्गत भन्सार विभागको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत भन्सार अधिकृत न्यौपाने, सोही कार्यालयका कार्यालय सहयोगी गणेशप्रसाद पुडासैनी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत हुलाक सेवा विभाग गोश्वरा हुलाक कार्यालय, पार्सल ( निकाशी) शाखामा कार्यरत नायब सुब्बा छविप्रसाद रिजाललाई श्रोत नखुलेको रकमसहित नियन्त्रणमा लिइएको थियो। आयोगका प्रवक्ता सुरेश न्यौपानेले निजहरुले कुरियर कम्पनीमार्फत विदेशमा कुरियरगरी बिभिन्न सामान पठाउँदा सेवाग्राहीसँग रिसवत माग गरेकोभन्ने सूचना एवं उजुरी निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको बताउनु भएको छ। पुडासैनीको कार्यकक्षमा रहेको टेबुलको घर्राबाट रिसवतबापत लिइएको १० हजार, सोही घर्राबाट श्रोत नखुलेको ४० हजार ३५० र निजको साथबाट श्रोत नखुलेको ९६ हजार ७०, नायब सुब्बा रिजालको साथबाट रिसवतबापत लिइएको २० हजार, श्रोत नखुलेको १८ हजार ८४८ र अन्य श्रोत नखुलेको रकमसमेतगरी दुई लाख ६८ हजार २८८ तथा बिभिन्न व्यक्तिबाट लिइएका मोबाइल २३ थानसमेत नियन्त्रणमा लिइएको प्रवक्ता न्यौपानेको भनाई छ।

## नेपालमा.

बढावा दिन र परियोजनाका यान्वयन दक्षतामा सुधार गर्नमा निहित छ। नेपाललाई थप लचिलो र समृद्ध अर्थतन्त्रमा परिणतगर्न सुशासनसँगै उत्पादक लगानीतर्फ रणनीतिक परिवर्तन आवश्यक छ। दशकौंदेखि बढ्दैगएको विष्फोटक असमानताको प्रवृत्ति उल्ट्याउन स्पष्ट समाधानहरु अपनाउने राजनीतिक इच्छाशक्ति आवश्यक छ, जसमा अति-धनीहरुमाथि न्यायोचित कर व्यवस्था लागूगर्नु र सामाजिक कार्यक्रम तथा जलवायु कार्यमा साहसी लगानीगर्नु पर्दछ। किनकि जलवायु संकट असमानरुपमा धनी वर्गद्वारानै उत्प्रेरित भएको छ। जबसम्म यो प्रणालीलाई चुनौती दिइँदैन, तबसम्म विश्व अर्थतन्त्र र नेपालको राष्ट्रिय अर्थतन्त्रसमेत चरम केन्द्रीकरणको बाटोमै अघिबढिरहने छ। अहिले नेपालमा पूँजी पलायनको पनि गंभीर समस्या देखिएको छ। भएको पूँजी देशभित्रै लगानीगरी रोजगारी सिर्जनामार्फत युवावर्गलाई नेपालमै रहन सक्ने वातावरण बनाउनु पर्ने टड्कारो आवश्यक्ता छ।

## नेपालमा..

छैन। सूचना प्रविधि विभागका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा बिभिन्न २५ वटा सरकारी निकायका ३० वटा सूचना प्रणालीको सेक्युरिटी अडिट गरिएको थियो। आबको अन्त्यसम्ममा बिभिन्न ३५१ वटा सरकारी निकायको ५०६ वटा प्रणालीको सेक्युरिटी अडिट सुरक्षित बनाउन आबश्यक रहेकोभन्दै विभागले सुझावसहितको प्रतिवेदन दिएको देखिन्छ। यो तथ्यांकले पनि सरकारी निकायका सूचना प्रणाली कमजोर रहेको पुष्टिगर्छ। बिभिन्न सरकारी तथा गैरसरकारी कार्यालयको सूचना प्रणाली तथा सम्बन्धित सर्भरमा अनधिकृत पहुँच पुऱ्याएर व्यक्तिगत विवरण चोरीगर्ने र सार्वजनिक गर्नेक्रम पछिल्ला वर्षमा निरन्तर बढिरहेका छन्। यस्तो प्रकृतिका घटनाको एकीकृत तथ्यांक कुनै पनि सरकारी निकायसँग उपलब्ध छैन। राष्ट्रिय साइबर सुरक्षा केन्द्रका निर्देशक राजकुमार महर्जनले कुन निकायबाट कस्तो किसिमको सूचना चुहावट भयो र त्यसको गलत प्रयोग भयो भन्ने अभिलेख नरहेको बताउनुभयो। उहाँले बिभिन्न निकायका वेबसाइटमा अनधिकृत पहुँच, तथ्यांक चोरीजस्ता विषय सञ्चारमाध्यमबाट सुन्ने गरिन्छ। तीमध्ये धेरैजसोको हामीलाई औपचारिक रुपमा जानकारी आएको देखिँदैन। केन्द्रलाई जानकारी नै नआएपछि त्यसको अभिलेखसमेत राख्ने गरिएको छैन भन्नुभयो। राहदानी विभाग, उद्योग विभाग, जल तथा मौसम विज्ञान विभाग, हेलो सरकार र अर्थ मन्त्रालय गरी पाँच वटा निकायले मात्रै हालसम्म आफ्नो वेबसाइट, सर्भर तथा सूचना प्रणालीमा बाह्य आक्रमणको शंकासहितको जानकारी केन्द्रलाई गराएका छन्। यी निकायमा गएर आबश्यक समन्वयगरी समस्या समाधान गरेको केन्द्रका निर्देशक महर्जनले बताउनुभयो। यी निकायबाट के-कस्ता विवरण/तथ्यांक क्षति पुग्यो वा बाहिरियोभन्ने आधिकारिक जानकारी आइसकेको उहाँको भनाइ छ। नेपाल प्रहरीको साइबर ब्युरोमा दर्ता हुने साइबर अपराधसम्बन्धी उजुरीको संख्या पछिल्ला वर्षमा बढिरहेको छन्। ब्युरोमा दर्ता भएका उजुरीका तथ्यांकअनुसार डाटा चुहावट, वेबसाइट ह्याकिङ तथा इमेल दुरुपयोगसम्बन्धी घटना उल्लेखनीयरुपमा देखिएका छन्। यस्ता सबै घटना ब्युरोसम्म आइनपुग्ने प्रवक्ता दीपकराज अवस्थीले उल्लेख गर्नुभयो। आब ०७९/८० मा साइबर ब्युरोमा दुईवटा डाटा चुहावटसम्बन्धी उजुरी दर्ता भएकामा ०८०/८१ मा तीन पुगेको थियो। उक्त संख्या ०८१/८२ मा बढेर छ पुगेको छ, जसले डिजिटल सूचना सुरक्षामा बढ्दो चुनौतीलाई स्पष्टरुपमा संकेत गर्छ। त्यस्तै वेबसाइट ह्याकिङसम्बन्धी उजुरी पनि क्रमशः बढ्दैगएका छन्। आब ०७९/८० र ०८०/८१ मा एक/एक वटा उजुरी दर्ता भएकामा ०८१/८२ मा दुई र ०८२/८३ को पछिल्लो छ महिनामा मात्र तीन उजुरी दर्ता भएका छन्। अनधिकृत पहुँच वा ह्याकिङसम्बन्धी उजुरी ०७९/८० मा छ र ०८०/८१ मा सात वटा दर्ता भए पनि २०८१/८२ मा घटेर चारमा सीमित भएको साइबर ब्युरोको तथ्यांकमा उल्लेख छ। अनधिकृत पहुँच प्रयाससम्बन्धी उजुरी भने प्रत्येक वर्ष निरन्तररुपमा देखिँदै आएका छन्। ऱ्यान्समवेयर आक्रमणसम्बन्धी उजुरी आब ०८०/८१ र ०८१/८२ मा एक-एक वटा दर्ता भएका छन्। यस्तै, व्यावसायिक इमेल दुरुपयोग र इमेल खाता दुरुपयोगसम्बन्धी उजुरी पनि बर्सेनि ब्युरोमा आउने गरेका छन्। गत पुस २६ र २७ गते नेपाल टेलिकमको सिमकार्ड प्रयोगकर्तालाई सडक प्रदर्शनका लागि आह्वानसहित राजनीतिक प्रकृतिको 'बल्क म्यासेज' पठाइएको थियो। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) का प्रवक्ता रविन्द्र मानन्धरका अनुसार 'आकाशटेल' नामक कम्पनीबाट करिब सात लाख हाराहारी नम्बरमा 'बल्क एसएमएस' गएको थियो। यस प्रकरणमा नेपाल प्रहरीले निर्देश सेढाईं नामका व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। त्यति ठूलो संख्यामा मोबाइल नम्बर कहाँबाट उपलब्ध भए भन्ने अझै खुलिसकेको छैन। नेपाल टेलिकमले भने कुनै पनि सेवाग्राहीको व्यक्तिगत मोबाइल नम्बर तथा अन्य विवरण उपलब्ध नगराएको भन्दै गत पुस २९ गते विज्ञप्तिसमेत जारीगरेको छ। नेपाल मेडिकल काउन्सिल, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, निर्वाचन आयोगलगायत कार्यालयको वेबसाइटमा अधिकृत पहुँच पुऱ्याएको भन्दै नेपाल प्रहरीको साइबर ब्युरोले गत पुस १८ गते सिन्धुपाल्चोकबाट एक जना र गत मंसिर २८ गते झापाबाट एक जना पक्राउ गरी कारवाही प्रक्रिया अघि बढाएको छ। यी सबै निकाय व्यक्तिगत विवरण संकलन र प्रयोग गर्ने निकायभित्र पर्दछन्। यी निकायमा कार्यालयको वेबसाइटमात्र ह्याक भएको हो वा सर्भरमै अनधिकृत पहुँच पुगेर व्यक्तिगत विवरणमा छेडखानी भएको हो भन्ने स्पष्ट छैन। त्यस्तै, पछिल्ला केही महिनायता मात्र लुम्बिनी प्रदेश र नेपाल प्रहरीको वेबसाइट 'ह्याक गरी बिभिन्न विवरण र जानकारी डार्क वेभ'मार्फत सार्वजनिक भएका थिए। सरकारी निकाय मात्र नभई निजी क्षेत्रका संस्थाबाट पनि व्यक्तिगत विवरण तथा तथ्यांकहरु बाहिरिने गरेका छन्। ०७६ सालको फागुनमा अनलाइन 'फुड डेलिभरी कम्पनी' फुडमाण्डुको सर्भर ह्याक भएर ५० हजारभन्दा बढी व्यक्तिको नाम, ठेगाना, मोबाइल नम्बर, इमेललगायत विवरण बाहिरिएको थियो। त्यस्तै ०७६ चैतमा इन्टरनेट सेवाप्रदायक कम्पनी भायोनेटका ग्राहकको व्यक्तिगत तथ्यांक ह्याकरले सामाजिक सञ्जालमा सार्वजनिक गरिदिएका दिए। नेपाल प्रहरीको साइबर ब्युरोले फुडमाण्डु प्रकरणमा संलग्न नवलपरासी पश्चिमको सुनवल नगरपालिका घर भएका १९ वर्षीय युवक ०७७ मंसिरमा र भायोनेट प्रकरणमा संलग्न रुपन्देहीको तिलोत्तमा नगरपालिकाका एक युवकलाई ०७७ पुसमा पक्राउ गरेको थियो। यी ह्याकिङ प्रकरणमा संलग्न व्यक्तिहरुलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन-०६३ को परिच्छेद-९ बमोजिमको कसुर गरेकोभनी कारवाही प्रक्रिया अघिबढ्यो। तर, व्यक्तिको तथ्यांक संकलन गरेर सुरक्षित राख्न नसकेका कम्पनीको हकमा भने कुनै अनुसन्धान र अभियोजनको प्रक्रिया अघि बढेन। अनधिकृत सार्वजनिक भएका ती विवरण अहिले पनि सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भेटिन्छन्। रासस

## बिश्वमा..

भएसँगै दुबै देशले बिना कुनै सीमा आणविक हतियारलाई तैनाथ अवस्था राख्न सक्नेछन्। यस सन्धिले दुबै देशलाई अर्को देशको आणविक केन्द्र अनुगमनगर्नसक्ने अधिकार दिएको थियो। अब त्यस्तो अनुमगनगर्न पाइनेछैन। पछिल्लोपटक सन् २०२० मार्च कोरोना भाइरस महामारीका कारण अनुगमन कार्य थाती राखिएको थियो। त्यसपछि सन् २०२१ मा सम्झौता नवीकरण भएपनि दुबै देशले एकअर्कालाई आणविक केन्द्र अनुगमनगर्न दिएका छैनन्। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेयता अमेरिकासँग उसको सम्बन्ध बिग्रिएको छ। सन् २०२३ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले न्यु स्टार्ट सन्धिमा मस्कोको सहभागिता निलम्बन भएको घोषणा गर्नुभएको थियो। अमेरिकाले युक्रेनलाई युद्धमा साथ दिएकाले यस्तो गर्नुपरेको उहाँले बताउनु भएको थियो। निलम्बनको अर्थ रुस सन्धिको हस्ताक्षरकर्ता रहिरहने , तर अनुगमन र डाटा शेयरिङमा सहभागि नहुने भन्ने थियो। अमेरिकी विदेश विभागकाअनुसार सन् २०२३ मा मस्कोले न्यु स्टार्ट निलम्बन भएको घोषणा गर्नुअघि दुबै पक्षले गरेर कूल ३२८ पटक आणविक केन्द्रहरुमा अनुगमन भएको थियो। त्यस्तै दुबै पक्षले आफ्ना गतिविधबारे अर्को पक्षलाई झण्डै २५ हजारपटक जानकारी गराएका थिए। हतियार नियन्त्रण तथा अप्रसार केन्द्रका अनुसार मस्कोसँग कूल पाँचहजार ४५९ वटा आणविक वारहेड छन्। त्यसमध्ये झन्डै एकहजार ६०० वटा तैनाथ अवस्थामा छन्। त्यसैगरी अमेरिकासँग कूल पाँचहजार ५५० वटा आणविक वार हेड छन्। त्यसमध्ये तीन हजार ८०० जतिमात्रै सक्रिय छन्। त्यसमध्ये एकहजार ७०० जति तैनाथ अवस्थामा रहेका छन्। शितयुद्ध उच्च बिन्दूमाछँदा सन् १९६७ ताका अमेरिकासँग ३१ हजारभन्दा धेरै वार हेडको भण्डारण थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसभन्दा पनि राम्रो सन्धि गरिने बताउनुभएको थियो। जनवरीमा न्युर्योक टाइम्ससँग उहाँले सन्धि अन्त्य भए हुन्छ। हामी योभन्दा पनि राम्रो गर्नेछौं भन्नुभएको थियो। उहाँले चीनलाई पनि भविष्यका आणविक वार्तामा समावेश गर्नुपर्ने बताउनु भएको थियो। चीनको आणविक आर्सनलमा झन्डै ६०० वार हेड छन्। तर सन् २०२३ पछि सबैभन्दा धेरै आणविक वार हेड चीनले नै बनाएको छ। उसले यस अवधिमा १०० भन्दा धेरै नयाँ वार हेड तयार गरिसकेको छ। हालैको एक अन्तर्वार्तामा ट्रम्पले हामी आणविक हतियार सिमितगर्ने कुराकानी गर्दैछौं। चीनलाई पनि यसमा समावेश गर्नुपर्छ भन्नुभएको थियो। रुसका पूर्व राष्ट्रपति मेदभेदेवले यो सम्झौता समाप्तहुँदा सन् १९७० को दशकपछि पहिलोपटक दुई शक्तिशाली राष्ट्रले असिमित आणविक हतियार राख्न पाउने अवस्था सिर्जना हुने चेतावनी दिनुभएको थियो। बिबिसीले गरेको एक टिप्पणीमा यूकेस्थित आरयूएसआई शोधसंस्थाकी वरिष्ठ अनुसन्धानकर्ता डार्या डोल्जिकोभाले न्यू स्टार्ट सन्धिको म्याद गुज्रिनुलाई चिन्ताजनक भनेको उल्लृख छ। दुवैतिर रणनीतिक क्षमता विस्तारगर्ने चाहनाका कारण यसलाई चिन्ताजनक मान्नुपर्ने उहाँको धारणा रहेको पाइन्छ। अमेरिका र रुस दुवैले हाल तिनको परमाणु शक्ति तथा रणनीतिक क्षमताको आधुनिकीकरण गरिरहेका छन्। नयाँ अस्त्र होडबाजी पनि शुरु भइसकेको छ। डोल्जिकोभाकाअनुसार रुसको मनमा आफ्ना अस्त्रले अमेरिकी हवाई रक्षा प्रणाली चिर्न नसक्लाकि भन्ने चिन्ता रहेको देखिन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर अमेरिकालाई लामो दूरीका अस्त्रबाट जोगाउन गोल्डन डोम प्रणाली विकासगर्ने योजना अघिसारेपछि रुस थप चिन्तित भएको पाइएको छ। तर रुस आफैंले पनि हवाई प्रणालीलाई जित्ने नयाँ अस्त्रको विकास गरिरहेको बताइन्छ। तिनमा पोजाइडन नामक नयाँ अन्तरमहादेशीय परमाणु अस्त्र एवं परमाणु क्षमतायुक्त समुद्रमुनिबाट मार हान्न सकिने टर्पेडो तथा बुरेभेस्तनिक नामक परमाणु क्षमता र अस्त्रयुक्त क्रुज क्षेप्यास्त्र रहेका छन्। अमेरिका, रुस र चीन सबैले लामो दूरीका हाइपरसोनिक क्षेप्यास्त्र विकास गरिरहेका छन्। तिनको गति ६,४३७ किलोमिटर प्रतिघण्टा रहने र तिनलाई मार गिराउन कठिन हुने ठानिन्छ। ती विस्तार भइरहेका सैन्य क्षमताका कारण नयाँ अस्त्र नियन्त्रण सन्धिगर्न झन् कठीन हुने कतिपयको बिश्लेषण रहेको छ।

## वाशिंटन..

महिनाअघि अमेरिकी राष्ट्रपति निर्वाचनमा कमला ह्यारिसलाई समर्थनगर्ने सम्पादकीय बोर्डको निर्णयलाई मालिक जेफ बेजोसले रोकिदिएपछि पोष्ट विवादमा तानिएको थियो। उक्त निर्णयपछि करिब दुई लाख ५० हजारभन्दा बढी ग्राहकले पोष्टको सदस्यता रद्ध गरेका थिए। जसले संस्थाको आर्थिक अवस्था थप नाजुक बनाएको त्यहाँका कर्मचारीहरुको बुझाइ रहेको छ। त्यसैगरी पछिल्लो समय जेनेरेटिभ एआई (कृत्रिम बौद्धिकता) का कारण अनलाइन ट्राफिकमा झण्डै आधाले गिरावट आएको र व्यवस्थापनले एआई सम्बन्धी गरेका प्रयोगहरुसमेत विफल भएको समाचारमा उल्लेख छ। वाशिंटन पोष्टका पूर्वकार्यकारी सम्पादक मार्टी ब्यारोनले यसलाई विश्वकै एक महान समाचार संस्थाको इतिहासमा कालो दिनको संज्ञा दिनुभएको छ। उहाँले यसले पोष्टको महत्वाक्यांक्षालाई खुम्च्याउनेछ र जनतालाई तथ्यमा आधारित रिपोर्टिङबाट वञ्चितगर्ने बताउनु भएको छ।

## क्रान्तिकारी..

जारीगरेको विज्ञप्तिमा बिद्यार्थीको हक, हित र अधिकारका लागि आवाज उठाउनु अपराध नभएको उल्लेखगर्दै संवाद र सहमतिबाट समाधान गर्नुपर्ने विषयमा डण्डा र गिरफ्तारी प्रयोग गर्नु स्वयं प्रशासनको असफलताको स्वीकारोक्ति भएको बताइएको छ। संगठनले बक्तब्यमा तत्काल मागगर्दै पक्राउ परेका सबै बिद्यार्थी नेताहरुलाई बिना सर्त रिहागर्न, भदौ १० गते भएको सहमतिलाई पूर्णरुपमा कार्यान्वयनगर्न तथा शुल्क शोषण अन्त्यगर्दै आम बिद्यार्थीका जायज माग तुरुन्त पूरागर्न आग्रह गरेको छ। त्रिबि क्याम्पसमा बिगत केही महिना यता निरन्तर बिद्यार्थी आन्दोलनहरु हुँदै आएका छन्।

## ब्रिटिश..

पढाई नसकि बिचैमा नेपाल फर्कन बाध्य पारेको लगायतका अन्यायविरुद्ध सरकारले सुन्नपर्ने माग गर्नुभएको थियो।

## नेकपा..

पनि नभइ केवल मान्छे थुपार्ने र चुनाव जित्नको लागि प्रयास गर्ने जस्तो मात्रै देखिन्छ, त्यो एकता खास एकताजस्तो पनि छैन, त्यसैले हामीले हतार गरेनौं विषयहरुलाई राम्रोसँग पार लगाएर गरौं भन्ने हाम्रो कुरा हो भन्नुभएको छ। उहाँले एकताको विषय नसकिए पनि अहिले तुरुन्तै यो चुनावसम्म सम्भव नभएको बताउनु भएको छ। वर्तमान चुनावी सरकारको कार्यशैलीप्रति महासचिव चन्दले कडा आलोचना गर्दै आउनु भएको छ।

